# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २५ गते २०३९ साल

श्री ५ को सरकार

**अर्थ मन्त्रालयको**

**सूचना**

माननीय अर्थ मन्त्री डा. यादवप्रसाद पन्तले २०३९ साल आषाढ २५ गतेका दिन दिनु भएको आर्थिक वर्ष २०३९।४० को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

अध्यक्ष महोदय,

१.१ देशलाई विकासको निर्दिष्ट मार्गमा अग्रसर गराउँदै लैजाने क्रममा नेपाल अधिराज्यको आर्थिक वर्ष २०३९।४० को आय-व्ययको विवरण पेश गर्न आज यस सदनसमक्ष उभिएको छु ।

१.२ श्री ५ महाराजाधिराज सरकारको वरद तथा सक्रिय नेतृत्वमा आज देशमा गतिशील एवं जनमुखी राजनीतिक व्यवस्था कायम भई हामीले एक निश्चित बाटो पहिल्याउन सकेको तथ्यप्रति कसैको दुई मत छैन । हालका वर्षहरूमा सफलताका साथ सुसम्पन्न भएका जनमत संग्रह, अनि पञ्चायतका विभिन्न तहहरू र वर्गीय संगठनका लागि भएका मतदानहरू र केन्द्रीय पञ्चभेला जस्ता गहनतम मौलिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रजातान्त्रिक अभ्यासहरूले देशको राजनीतिक व्यवस्थालाई बढी परिमार्जित र परिष्कृत गराएको छ । यस वृहद् राजनीतिक प्रक्रियामा भएको व्यापक जनसहभागिताले दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीप्रति नेपालको आस्था एवं प्रतिबद्धतालाई सम्पूर्ण विश्वको समक्ष छर्लङ्ग पारेको छ ।

१.३ आज देशमा रहेको राजनीतिक स्पष्टता र निश्चितताको वातावरणको फाइदा उठाई उपलब्ध सबै स्रोत र साधनको अधिकतम सदुपयोगबाट जनआकांक्षालाई पूरा गर्दै जान सक्नु परेको छ । हाम्रा सबै क्रियाकलाप, जाँगर र आकांक्षाहरू दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको माध्यमबाट नै शोषणरहित समाजको सिर्जना गर्ने काममा समर्पित हुनु पर्नेमा कुनै संदेह छैन । यस कार्यमा व्यापक र प्रभावकारी रूपले जनसहभागिता जुटाउन पञ्चायतका विभिन्न निकायहरू र वर्गीय संगठनहरूमा नयाँ उत्साह र जाँगर ल्याउन स्थानीय नेतृत्वको भूमिका निर्णयात्मक हुने कुरा निर्विवाद छ ।

१.४ अन्तर्राष्ट्रिय आर्थिक वातावरणले हाम्रो विकासको गतिलाई प्रभाव पारी नै रहने कुरा स्वतः सिद्ध छ । नेपाल विकासोन्मुख देशहरूको समूहको सक्रिय सदस्य भएकोले समूहको व्यापक हितको परिधिभित्र रही विकसित र विकासोन्मुख देशहरूबाट अल्पविकसित देशहरूतिर प्रवाहित हुने साधन र प्रविधिको परिमाणमा वृद्धि गर्ने, सरकारले दिएको प्राथमिकताका क्षेत्र र प्रविधिलाई प्रश्रय दिने र सहायताका शर्तहरू उदार हुनु पर्ने जस्ता महत्त्वपूर्ण कुराहरूमा हामीले जोड दिंदै आएका छौं ।

१.५ विकसित देशहरूले विकासोन्मुख देशहरूबीच बढी उदारवादी व्यवहार गर्नु पर्ने विषयमा उत्तरदक्षिणका राष्ट्रहरूबीच समय समयमा विभिन्न स्तरमा बैठकहरू नभएका पनि होइनन्, तर ठोस उपलब्धि हासिल हुन सकेको छैन । ब्यूनर्स आयर्स कार्य योजना, क्याराकस कार्य योजना, हवाना घोषणा, क्यानकुन शीर्षस्थ वार्ता र केही महीनाअघि भएको नयाँदिल्ली सरसल्लाहको बाबजूद विकसित देशहरूको दृष्टिकोणमा खास परिवर्तन आएको छैन । सात औद्योगिक राष्ट्रहरूको हालैको भर्साई वार्तामा पनि विकसित देशहरूको बीच मतैक्य भएको पाइएन । फलतः आज अन्तर्राष्ट्रिय सहयोगको क्षेत्रमा अनिश्चितताको वातावरण देखिएको छ । यसको परिणामस्वरूप अन्तर्राष्ट्रिय आर्थिक सहयोगसम्बन्धी बहुपक्षीय वित्तीय संघ संस्थाहरू पनि आर्थिक संकटबाट गुज्रिरहेका छन् । यस प्रकार विकसित देशहरूको विकासोन्मुख देशहरूलाई आर्थिक विकासमा सहयोग गर्ने प्रतिबद्धतामा शिथिलता देखिन आएको छ तापनि नेपाल जस्ता अल्पविकसित देशहरूप्रति अन्तर्राष्ट्रिय सहयोगको निम्ति सहानुभूति एवं वचनबद्धता कायमै रहेको छ ।

१.६ संयुक्त राष्ट्रसंघको तत्वावधानमा विगत वर्ष पेरिसमा आयोजित अल्पविकसित देशहरूको सम्मेलनमा एशिया तथा प्रशान्त क्षेत्रका अल्पविकसित देशहरूको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर्फबाट राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट बक्सेको सम्बोधन अन्तर्राष्ट्रिय सहयोगको क्षेत्रमा एक प्रभावकारी अभिव्यक्ति मानिएको छ । यस सम्मेलनबाट अल्पविकसित देशहरूको विकासका आकांक्षा र समस्याहरूप्रति विश्व समुदायको संवेदनशीलता प्राप्त गर्न मद्दत पुगेको छ । सम्मेलनले अल्पविकसित देशहरूको निम्ति १९८० दशकको नयाँ आर्थिक कार्यक्रम अनुमोदन गरेको छ र यसबाट अल्पविकसित देशहरूको विकास प्रयासमा निकै दरिलो आर्थिक टेवा पुग्न जाने विश्वास लिइएको छ ।

१.७ पेरिस सम्मेलनपछि संयुक्त राष्ट्रसंघीय व्यापार तथा विकास सम्मेलन र एशिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोगको तत्वावधानमा नेपालमा संचालित गोष्ठीहरूले पनि यस क्षेत्रका अल्पविकसित तथा विकासोन्मुख देशहरूको समस्या समाधान गर्न नयाँ समझदारी बढाएको छ । यसै क्रममा निकट भविष्यमा संयुक्त राष्ट्रसंघीय व्यापार तथा विकास सम्मेलनको तत्वावधानमा यस क्षेत्रका अल्पविकसित देशहरूको बैठक नेपालमा बस्दैछ । साथै यस वर्षको लागि एशियाली विकास बैंकको बोर्ड अफ गभर्नर्सको अध्यक्ष पदमा नेपालको निर्वाचनले पनि यस क्षेत्रका अल्पविकसित देशहरूको विकास प्रयासलाई अघि बढाउन नेपालको प्रभावकारी भूमिका हुन सक्ने विश्वास गर्न सकिन्छ । श्री ५ महाराजाधिराज सरकारको बहु आयामयुक्त प्रतिभा एवं विकासप्रतिको कटिबद्धता, श्री ५ को सरकारको असंलग्न परराष्ट्रनीति र सम्पूर्ण नेपालीको शान्तिप्रतिको दृढ आस्था र विश्वासको फलस्वरूप अन्तर्राष्ट्रिय क्षेत्रमा अल्पविकसित देशहरूको सामूहिक हितको निम्ति नेपालले यसरी महत्त्वपूर्ण योगदान दिन सकेको हो भन्ने मेरो धारणा छ ।

## २

अध्यक्ष महोदय,

२.१ यो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पृष्ठभूमिमा म अब चालू आर्थिक वर्षमा श्री ५ को सरकारले अपनाएका नीतिगत कुराहरूको विवेचना गर्न चाहन्छु ।

२.२ चालू आर्थिक वर्षको बजेट तयार गर्दा हाम्रो अर्थतन्त्रमा रहेका विषमतालाई हटाई विकास प्रक्रियालाई सुदृढ र गतिशील बनाइने कुरा मैले उल्लेख गरेको थिएँ । श्री ५ को सरकारले अर्थतन्त्रमा रहेका विकृति र विसंगतिहरू हटाई उद्योग, वाणिज्य र अन्य व्यवसायको विकासको निमित्त सुदृढ प्रशासकीय कदम अपनाएको छ ।

२.३ वैदेशिक व्यापार क्षेत्रमा देखा परेको असन्तुलनलाई नियन्त्रण गर्न श्री ५ को सरकार सजग रहेको छ । फलस्वरूप यस वर्ष व्यापार घाटा कम हुन नसके पनि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विगत वर्षको तुलनामा आयात वृद्धि दरमा निकै ह्रास आएको छ र भुक्तानी सन्तुलनमा निकै सुधार भई विदेशी मुद्राको संचितिमा प्रशस्त वृद्धि हुन सकेको छ ।

२.४ मैले चालू आर्थिक वर्षको बजेट पेश गर्दा वैदेशिक व्यापार नीति तर्जुमा गर्ने कुरा बताएको थिएँ । हालै लागू गरिएको वाणिज्य नीतिको प्रभाव स्पष्टतः देखा पर्न केही समय अवश्य नै लाग्नेछ । तर यसबाट आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने खालका साना तथा मझौला उद्योगहरूको निम्ति अनुकूल वातावरणको सिर्जना हुनेछ भन्ने विश्वास लिन सकिन्छ ।

२.५ हाम्रा विकास आयोजनाहरू समयमा कार्यान्वयन हुन नसकेको सन्दर्भमा केही प्रशासकीय कार्यविधिमा समेत सुधार गर्ने कुरा मैले उल्लेख गरेको थिएँ । लेखा प्रशासन र कार्यान्वयन स्थितिमा सुधार ल्याउन आवश्यक तालीमको व्यवस्था गर्नुको साथै नियमहरूमा पनि सामयिक परिवर्तन गरी जिल्लामा नै बजेट खर्च निकासा दिने र हिसाबको लेखापरीक्षण गर्ने जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयहरू ७५ जिल्लामा नै स्थापना भइसकेका छन् । चतुर्मासिक निकासाको परिपाटी प्रारम्भ भएदेखि विकास कार्य संचालनमा निकै सुगमता आएको महसूस गरिएको छ। खर्चको निकासा र उपयोग स्थिति तथा आर्थिक व्यवस्थापनमा देखा परेको समस्यालाई नियमित रूपमा अवलोकन गर्न केन्द्रीय स्तरमा व्यवस्था मिलाइएको छ । साथै, सरकारी कार्यालयहरूमा बुझाउनु पर्ने सानातिना रकमहरूका लागि पनि बैंकमार्फत बुझाउनु पर्दा परिरहेको असुविधालाई दृष्टिगत गरी आगामी आर्थिक वर्षदेखि रू. ५ हजारसम्म कार्यालयले नै बुझिलिने व्यवस्था गरेको छु ।

२.६ चालू आर्थिक वर्षको बजेट वक्तव्यमा संस्थानहरूको कार्यकुशलता र कार्यदक्षतामा वृद्धि गर्न तथा व्यवस्थापन खर्च घटाउन एकै उद्देश्य र कार्यक्षेत्र भएका विभिन्न संस्थानहरूलाई एकीकरण गर्ने र सरकारी क्षेत्रमा संचालन गर्न आवश्यक नदेखिएका संस्थानहरूलाई निजी क्षेत्रमा पठाउने श्री ५ को सरकारको नीतिबारे प्रकाश पारेको थिएँ। यस नीति अनुरूप श्री ५ को सरकारले नेपाल टिम्बर कर्पोरेशन, इन्धन संस्थान, वन पैदावार विकास समितिलाई गाभी एक संस्थान र नेपाल विद्युत कर्पोरेशन र पूर्वाञ्चल विद्युत कर्पोरेशनलाई गाभी एक संस्थान गरी एकीकरण गर्ने निर्णय गरिसकेको छ । यो क्रम आगामी वर्षमा पनि जारी रहनेछ ।

२.७ सरकारी संस्थानहरूको कार्य संचालनमा आइपरेका विभिन्न कठिनाइहरूमध्ये चालू पूँजीको अभाव, अपर्याप्त पूँजीको बनौट, श्री ५ को सरकारको निर्देशन अनुसार आर्थिक तथा सामाजिक उद्देश्य हासिल गर्नको लागि संस्थानहरूले गरेका कारोवारमा भएको नोक्सानीको परिपूर्ति गर्न पर्याप्त अनुदानको व्यवस्था नहुनु र संस्थानहरूको संचालन व्यवस्थापनविधिको कमी नै मुख्य हुन् । यसले गर्दा संस्थानहरूले वाणिज्य बैंकहरूबाट श्री ५ को सरकारको जमानतमा लिएको ऋण भुक्तानी गर्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कठिनाई परेको छ । तसर्थ यी कठिनाईहरू हटाउन संस्थानहरूको कार्य प्रकृति तथा कार्यक्रम हेरी आवश्यक चालू पूँजीको व्यवस्था मिलाइएको छ । यसै गरी वाणिज्य बैंकहरूबाट प्राप्त ऋण चुक्ता गर्न आवश्यक अनुदान रकम उपलब्ध गराइनुका साथै पूंजीको बनौटमा पनि सुधार गरिएको छ । संस्थानहरूको व्यवस्थापनमा सुधार ल्याउने उद्देश्यले योग्यता, अनुभव र नेतृत्व प्रदान गर्ने क्षमताको आधारमा व्यवस्थापकहरूको नियुक्ति गरिने परिपाटी बसालिंदै छ । संस्थानहरूको सुधारको निम्ति विभिन्न कदमहरू लिएको फलस्वरूप चालू वर्ष यिनीहरूको कार्यकलापमा प्रगतिका लक्षणहरू देखिन थालेका छन् । आगामी आर्थिक वर्षमा यसमा अरू सुधार भई छोटो अवधिमा नै यी संस्थानहरूले राष्ट्रिय उत्पादन तथा राजस्वमा ठूलो योगदान दिन समर्थ हुने छन् भन्ने विश्वास लिन सकिन्छ ।

२.८ ग्रामीण क्षेत्रमा रहेको बचतलाई परिचालन गरी उत्पादक क्षेत्रमा प्रवाहित गराउन ग्रामीण क्षेत्रमा वाणिज्य बैंकहरूको शाखाहरूको विस्तार गरिएको छ । केही जिल्लाहरूमा सघन बैंकिङ्ग कार्यक्रम संचालन गरी स्थानीय उद्यमीलाई व्यावसायिक सरसल्लाहदेखि कर्जासम्म उपलब्ध गराउने व्यवस्था भएको छ । यस कार्यक्रमअन्तर्गत कर्जा स्वीकृति गर्दा धितोलाई भन्दा आयोजनाको संभाव्यतालाई बढी महत्त्व दिने गरी धितोसम्बन्धी नियमहरूमा खुकुलोपन तथा कार्यविधिमा सरलीकरणको व्यवस्था गरिएको छ ।

२.९ बचतलाई आकर्षित गर्न वाणिज्य बैंकले प्रदान गर्ने ब्याज दरको प्रभावकारी भूमिका हुन्छ । मुद्रास्फीतिको सन्दर्भमा समय समयमा ब्याज दरमा पुनरावलोकन हुनु आवश्यक छ । विगत वर्षहरूमा आवधिक निक्षेपमा भएको वृद्धि दर सन्तोषप्रद नै रहे तापनि उत्पादक क्षेत्रतर्फ बढ्दै गएको कर्जाको आवश्यकतालाई दृष्टिगत गर्दा यो वृद्धि दर अझै पर्याप्त नभएको महसूस गरिएको थियो । त्यसैले बचतकर्तालाई प्रोत्साहन दिई अझ बढी मात्रामा बचत परिचालन गरी उत्पादक क्षेत्रतर्फ साधनलाई प्रवाहित गराउने उद्देश्यले निक्षेप र कर्जाको ब्याजदरमा वृद्धि गरिएको छ ।

२.१० कृषि उत्पादनमा अपेक्षित मात्रामा वृद्धि हुन नसकेको वर्तमान परिस्थितिलाई दृष्टिगत गरी श्री ५ को सरकारले कृषि विकास कार्यक्रमलाई बढी प्रभावकारी बनाई वरिष्ठ अधिकृतहरूलाई जिल्लाको कृषि कार्यक्रमको सुपरिवेक्षकहरू तोकी उनीहरूबाट जिल्लामा समयमा मल बीउको आपूर्ति, कृषि ऋणको उपलब्धि र आवश्यक समन्वयको प्रबन्ध मिलाउने व्यवस्था मिलाइसकेको छ । कतिपय कारणहरूले आर्थिक कठिनाईमा परी भाखाभित्र कृषि विकास बैंक वा अन्य संस्थाहरूबाट लिएको उत्पादन ऋण बुझाउन नसकेका किसानहरूलाई २०३९ वैशाख मसान्तभित्र जरीवाना तिर्नु नपर्ने गरी म्याद बढाइने कुरा मैले चालू वर्षको बजेट प्रस्तुत गर्दा उल्लेख गरेको थिएँ । तदनुसार गत वैशाख मसान्तभित्र रू. ६ करोड ५५ लाख

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बराबरको उत्पादन ऋणलाई जरीवाना तिर्नु नपर्ने गरी म्याद बढाइएको कुरा पनि म यहाँ अवगत गराउन चाहन्छु ।

२.११ देशभित्रै उपलब्ध हुने कच्चापदार्थ र परम्परागत सीपको उपयोग गरी राष्ट्रिय अर्थतन्त्रलाई वांछित मोड दिनमा साना तथा घरेलु उद्योगहरूको महत्त्वपूर्ण भूमिका हुने भएकोले मैले गत वर्ष यस्ता उद्योगहरूको सम्वर्द्धन र प्रवर्द्धन गर्न श्री ५ को सरकारले पर्याप्त प्रोत्साहन दिने नीति अनुरूप सुविधाहरू जुटाउने कुरा उल्लेख गरेको थिएँ । तदनुसार नयाँ औद्योगिक नीतिअन्तर्गत साना तथा घरेलु स्तरका उद्योगहरूको स्थापना गर्ने प्रक्रियालाई सरलीकरण गरिएको छ । कच्चापदार्थको उपलब्धि, ऋणको सुबिधा, तालीमको व्यवस्था र उत्पादित सामानहरूको संस्थागत रूपमा बेच-बिखनको व्यवस्था मिलाउन घरेलु तथा ग्रामीण उद्योग विभाग, साझा संस्थाहरू र बैंकहरूलाई कार्यरत गराइएको छ । यसको अतिरिक्त केही जिल्लाहरूमा संचालित एकीकृत ग्रामीण विकास कार्यक्रम र साना किसान विकास कार्यक्रमका अभिन्न अङ्गको रूपमा घरेलु उद्योगको विकासलाई समावेश गरिएको छ । यसै वर्ष अन्तर्राष्ट्रिय बजारसमेतलाई विचार गरी उद्योगको प्रवर्द्धन र बिक्री व्यवस्था गर्ने कार्यक्रम रहेको एउटा वृहद् घरेलु उद्योग विकास आयोजना गण्डकी र बाग्मती अञ्चलका ९ जिल्लाहरूमा संचालन हुन थालेको छ ।

२.१२ चालू आर्थिक वर्षमा श्री ५ को सरकार देशमा अत्यावश्यक वस्तुहरूको आपूर्तिमा नियमितता ल्याउने कार्यमा प्रयत्नशील रहेको छ । फलस्वरूप खाद्यान्न, कपडा, खाने तेल, चिनी, मट्टितेल जस्ता अत्यावश्यक वस्तुहरूको नियमित रूपमा आपूर्ति भइरहेको छ । यता केही महीनादेखि चामलको मूल्यमा पर्न गएको चापलाई घटाउने उद्देश्यले श्री ५ को सरकारले विभिन्न कदमहरू अपनाई यसको आपूर्ति बढाइसकेको छ ।

२.१३ करका दरहरू मात्र वृद्धि नगरी कर प्रशासनलाई सुदृढीकरणका साथै सुधार गर्ने कुरा मैले गत वर्ष उल्लेख गरेको थिएँ । यस अनुसार सर्वसाधारण जनताको सुविधाको विचार गरी मालपोत असूल गर्ने कामको लागि पञ्चायत तथा विभिन्न क्षेत्रहरूमा नै डोर पठाई मालपोत असूलीमा सरलीकरण ल्याई अझ बढी प्रभावकारी बनाइएको छ ।

२.१४ चालू आर्थिक वर्षको बजेट छलफलको क्रममा गत वर्ष माननीय सदस्यहरूबाट दिनु भएका महत्त्वपूर्ण सुझावहरूलाई कदर गरी श्री ५ को सरकारले यसै आर्थिक वर्षमा नै कार्यान्वयन प्रारम्भ गरिसकेको छ । यी सुझावहरूको दूरगामी प्रभाव हेरी श्री ५ को सरकारले आवश्यकतानुसार नियमहरूमा नै संशोधन र नयाँ व्यवस्थासमेत गरिसकेको छ । यस सम्बन्धमा छोटकरीमा यहाँ उल्लेख गर्न चाहन्छु ।

२.१५ धेरैजसो माननीय सदस्यहरूले देशमा अनियमित व्यापार बढ्दै गएकोमा चिन्ता व्यक्त गर्दै समस्याको समाधानको लागि विभिन्न उपायहरूमध्ये विनिमय दरमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एकरूपता ल्याउनु पर्ने र बैंकिङ्ग क्षेत्रको बचत अनियमित व्यापारतर्फ प्रवाहित हुनबाट रोक्नु पर्ने जस्ता सुझावहरू प्रस्तुत गर्नु भएको थियो । तदनुरूप श्री ५ को सरकारले चालू आर्थिक वर्षको शुरूमा नै द्वय विनिमय दर समाप्त गरी विनिमय दरमा एकरूपता कायम गऱ्यो । यसका अतिरिक्त अवैध व्यापारमा संलग्न व्यापारी तथा मिलोमतोमा संलग्न देखिएका कर्मचारीलाई कारवाहीसमेत गरी अनियमित व्यापार नियन्त्रणका लागि विभिन्न उपायहरू अपनाई आएको सबै माननीय सदस्यहरूलाई अवगत नै छ ।

२.१६ माननीय सदस्यहरूले आयकर जस्ता प्रत्यक्ष कर संकलन प्रभावकारी हुन नसकेको खण्डमा सामाजिक न्याय हुन नसक्ने कुरामा जोड दिनु भएको थियो । यसै वर्षमा आयकरसम्बन्धी नियमको संशोधन गरियो । आयकर संकलन गर्ने कार्यमा प्रशासनिक क्षेत्र बढी सक्रिय भएकोले राम्रा उपलब्धिहरू हासिल भएका छन् ।

२.१७ विगत दशकहरूको प्रयासबाट सिर्जना भएका यातायात, संचार, विद्युत र सिंचाइ जस्ता आधारभूत पूर्वाधारहरूको अधिकतम उपयोगबाट सर्वसाधारण जनतालाई प्रत्यक्ष लाभ पुऱ्याउने दृष्टिकोणले श्री ५ को सरकारले विकास प्रक्रियालाई उत्पादनमुखी तुल्याई नयाँ मोड दिन प्रयास गरेको माननीय सदस्यहरूलाई विदितै छ । साथै चालू आर्थिक वर्षमा हामीले जनभावना अनुकल लिएका विभिन्न समसामयिक नीतिगत आर्थिक निर्णयहरूबाट देशमा विद्यमान आर्थिक विसंगतिहरू हटाउनमा र अस्वस्थ आर्थिक क्रियाकलापको नियन्त्रणमा निकै सफलता मिलेको छ । यसबाट हामीले अपनाएका विकास नीतिको सार्थकताको पुष्टि भएको छ भन्ने मेरो धारणा छ ।

२.१८ अब म देशको वर्तमान आर्थिक स्थितिको विवेचना गर्न चाहन्छु। चालू आर्थिक वर्षमा विभिन्न आर्थिक क्षेत्रमा भएका कार्यकलाप तथा गतिविधिहरू दर्शाइएको आर्थिक सर्वेक्षण २०३८।३९ प्रस्तुत गरिसकेको छु। यस सम्बन्धमा म यहाँ संक्षेपमा उल्लेख गर्छु।

२.१९ चालू आर्थिक वर्षमा देशले हासिल गरेको उपलब्धि गत वर्षको तुलनामा निश्चय नै संतोषप्रद रहेको तथ्य मैले यस सदनमा हिजो प्रस्तुत गरेको आर्थिक सर्वेक्षणले देखाउँछ। चालू आर्थिक वर्षमा पनि देशको कृषि तथा औद्योगिक उत्पादनमा भएको वृद्धि र अन्य क्षेत्रमा भएको विस्तारको फलस्वरूप कूल राष्ट्रिय उत्पादन छैठौं योजनाको निर्दिष्ट लक्ष्यको नजीक पुग्न सकेको अनुमान छ । कृषि तथा औद्योगिक उत्पादनमा वृद्धि, निर्माण, विद्युत तथा सेवा क्षेत्रको विस्तार, आयातको वृद्धि दरमा नियन्त्रण, शोधनान्तर बचतमा उल्लेखनीय वृद्धि, अवांछित आर्थिक गतिविधिमा नियन्त्रण, आदि चालू आर्थिक वर्षका प्रमुख उपलब्धिहरू हुन् भन्ने मलाई लागेको छ । तर यतिले मात्र हामीले सन्तोष लिने स्थिति छैन । जनताको क्रयशक्तिमा खास वृद्धि नहुनु, जनसंख्या वृद्धि दरमा नियन्त्रण नहुनु, केही महीना यतादेखि चामलको मूल्यमा देखापरेको चाप,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकास आयोजनाहरूको कार्यान्वयनमा रहेको ढिलाइ र निर्यात क्षेत्रमा वांछित वृद्धि हुन नसक्नु आदि समस्याहरूले हामीलाई पिरोली नै रहेका छन् ।

२.२० गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा ४.१ प्रतिशतले कूल राष्ट्रिय उत्पादनमा वृद्धि हुन सक्ने अनुमान छ। चालू आर्थिक वर्षमा प्रमुख कृषि उपजहरूको उत्पादन ३.५ प्रतिशतले वृद्धि हुने देखिएको छ। यसमध्ये खाद्यान्न उत्पादन ३.४ प्रतिशतले र नगदेबालीको उत्पादन ४.३ प्रतिशतले वृद्धि हुने देखिन्छ। गत वर्षको पहिलो ९ महीनाको तुलनामा चालू आर्थिक वर्षको सोही अवधिमा कृषिऋण, उन्नत बीउ तथा रासायनिक मलको वितरण क्रमशः ६९ प्रतिशत, ३९ प्रतिशत र ५ प्रतिशतले बढेको छ। कच्चापदार्थको आपूर्ति तथा गत चैत्र महीनादेखि विद्युत आपूर्तिमा आएको सुधारको फलस्वरूप प्रमुख औद्योगिक वस्तुहरूको उत्पादन चालू वर्ष २४ प्रतिशतले बढ्न जाने अनुमान छ। आर्थिक तथा सामाजिक आधारशिलाहरूको निर्माण-तर्फ चालू आर्थिक वर्षको प्रथम ९ महीनामा सडक, झोलुङ्गेपुलको निर्माण, स्वास्थ्य सेवा, खानेपानी, सञ्चार क्षेत्र आदि सुविधाहरूको विस्तार उत्साहजनक नै देखिएको छ ।

२.२१ चालू आर्थिक वर्षको पहिलो ९ महीनामा मुद्रा प्रदाय १७ प्रतिशतले वृद्धि भएको छ। वैदेशिक व्यापारतर्फ यसै अवधिमा निर्यात तथा आयात क्रमशः ७.२ र ७.५ प्रतिशतले बढेको छ । चालू आर्थिक वर्षमा आयात वृद्धिमा नियन्त्रण हुन सके तापनि निर्यात वृद्धिले आयातलाई उछिन्न नसकेकोले व्यापार घाटा वृद्धिमा अझै सुधार हुन सकेको छैन। तर व्यापार घाटा वृद्धि दरमा निकै नियन्त्रण हुन गई गत वर्षको पहिलो ९ महीनामा ५३ प्रतिशतले वृद्धि भएको तुलनामा चालू वर्षको सोही अवधिमा ७ प्रतिशतले मात्र व्यापार घाटा बढेको छ। सेवा तथा ट्रान्सफर शीर्षक अन्तरगत हुने आयमा भएको वृद्धिको फलस्वरूप कूल शोधनान्तर स्थिति भने उल्लेखनीय रूपमा हाम्रो पक्षमा रहेको छ। यस प्रकार चालू आर्थिक वर्षका ९ महीनामा खूद वैदेशिक सम्पत्तिको संचितिमा रू. ७७ करोडले वृद्धि भएको छ। कूल विदेशी विनियम संचित (सुनबाहेक) करीब ९ महीनाको आयात धान्न पुग्ने देखिएको छ ।

२.२२ यी उपलब्धिहरू देशको आवश्यकताको दाँजोमा साधारण देखिए तापनि हाम्रा अनेकन समस्याहरू, तिनीहरूको जटिलता तथा स्रोत, साधन, एवं क्षमताको सीमितताको पृष्ठभूमिमा संतोषप्रद नै भएको म ठान्दछु । तीव्र दरले जनसंख्यामा भई रहेको वृद्धिले हाम्रो सीमित भौतिक स्रोतमा निरन्तर परेको चापको परिणाम स्वरूप भूस्खलन जस्ता विभिन्न वातावरणीय विकृतिहरूले उत्पादन वृद्धिमा नै प्रतिकूल प्रभाव पारेको छ। त्यसैले, आज उत्पादन वृद्धि मात्र हाम्रो एकोहोरो लक्ष्य नभई उत्पादनका आधारहरूलाई सुरक्षित पार्नु पनि एक अर्को आवश्यकता हुन गएको छ । भू-परिवेष्ठित देश भएकोले हामीले सामना गर्नु परेको कतिपय कठिनाई र अवरोधहरूको साथै हालका वर्षहरूमा अन्तर्राष्ट्रिय क्षेत्रमा आएको आर्थिक मन्दी र मुद्रास्फीति जस्ता समस्याले पनि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाम्रो विकासको गतिमा नराम्रो असर पारेको छ । यसमाथि झन हाम्रो आयोजना सम्पादन गर्ने क्षमतामा अपेक्षित सुधार हुन नसक्दा उपलब्ध साधनको समेत पूर्ण उपयोग हुन सकेको छैन ।

२.२३ त्यस्तै, विकास प्रक्रियामा पनि कतिपय समस्याहरू अझै जटिल रूपमा विद्यमान छन् । विकासको प्रक्रियाले देशका सबै भागलाई समेटी सकेको छैन । बेरोजगारी वा अर्ध बेरोजगारीको समस्या अझै छ । एकातिर आज समाजमा विकासको फल उपभोग गर्दै आएका वर्गले थप सुविधाको निमित्त दवाव दिइरहेका छन् भने अर्कोतर्फ सानो-तिनो सुविधाको लागि पनि दुर्गम तथा ग्रामीण क्षेत्रका जनतालाई पर्खाई रहनु परेको छ ।

२.२४ अब म संक्षिप्त रूपमा आर्थिक वर्ष २०३७।३८ को यथार्थ खर्च र चालू वर्षको खर्चको संशोधित अनुमान र वित्तीय साधन परिचालनबारे विवरण पेश गर्दछु ।

२.२५ आर्थिक वर्ष २०३७।३८ मा साधारणतर्फ रू. १ अरब ४२ करोड ६४ लाख खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थमा रू. १ अरब ३६ करोड १२ लाख खर्च भएको छ । यो संशोधित अनुमानको ९५.४ प्रतिशत छ । चालू आर्थिक वर्षमा साधारणतर्फ रू. १ अरब ७७ करोड ९५ लाख खर्च हुने अनुमान भएकोमा रू. १ अरब ७० करोड ९४ लाख अथवा बजेट अनुमानको ९६.१ प्रतिशत खर्च हुने संशोधित अनुमान छ ।

२.२६ आर्थिक वर्ष २०३७।३८ मा विकासतर्फ जम्मा रू. २ अरब ७५ करोड ९९ लाख खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थमा रू. २ अरब ७३ करोड ११ लाख खर्च भएको छ । यो संशोधित अनुमानको करीब ९९ प्रतिशत छ । चालू आर्थिक वर्षमा रू ५ अरब ३३ करोड ३७ लाख खर्च हुने अनुमान भएकोमा रू. ४ अरब ७ करोड ३८ लाख अथवा अनुमानको ७६.४ प्रतिशत मात्र खर्च हुने संशोधित अनुमान छ ।

२.२७ आर्थिक वर्ष २०३७।३८ मा रू. २ अरब ४२ करोड ६१ लाख राजस्वबाट प्राप्त हुने संशोधित अनुमान भएकोमा रू. २ अरब ४१ करोड ९२ लाख अर्थात् ९९.७ प्रतिशत प्राप्त हुन सक्यो । चालू आर्थिक वर्षमा राजस्वबाट रू. ३ अरब १० करोड प्राप्त हुने अनुमान भएकोमा रू. २ अरब ९२ करोड ९ लाख अर्थात् ९४.२ प्रतिशत प्राप्त हुने संशोधित अनुमान छ । चालू आर्थिक वर्षमा देशको आर्थिक तथा औद्योगिक विकासमा योगदान नगर्ने किसिमका आयातलाई नियन्त्रण गर्ने र अनावश्यक उपभोगलाई निरूत्साहित गर्न यस्ता वस्तुहरूको आयातमा नै कटौति गरिएको छ । यसबाट यस वर्ष आयात-निर्यात कारोवारबाट हुने आयमा केही कमी हुन गएको छ । मालपोतमा दिइएका सुविधाको साथै केही जिल्लामा अतिवृष्टि र अनावृष्टि भएकोले मालपोत मिह्रा गरिएकोले पनि राजस्वमा केही कमी हुन गएको छ ।

237

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.२८ आर्थिक वर्ष २०३७।३८ मा विकास खर्चतर्फ रू. २ अरब ७३ करोड ११ लाख मध्ये रू. १ अरब १६ करोड ८९ लाख आन्तरिक स्रोतबाट र रू. १ अरब ५६ करोड २२ लाख वाह्य स्रोतबाट व्यहोरिएको थियो। आन्तरिक स्रोतमध्ये रू. १ अरब ५ करोड ८० लाख राजस्व बचतबाट प्राप्त भएको र आन्तरिक ऋणबाट रू. २५ करोड उठाएकोले रू. १३ करोड ९१ लाख नगद मौज्दात रहन आयो। चालू आर्थिक वर्षको संशोधित अनुमान अनुसार कूल विकास खर्च रू. ४ अरब ७ करोड ३८ लाखमध्ये रू. २ अरब ५ करोड ९० लाख विदेशी सहायताबाट व्यहोरिने भएको छ। आन्तरिक स्रोतबाट व्यहोरिने रकम रू. २ अरब १ करोड ४७ लाखमध्ये रू. १ अरब २१ करोड १५ लाख राजस्व बचतबाट, रू. ५० करोड आन्तरिक ऋणबाट र नपुग रू. ३० करोड ३२ लाख नगद मौज्दातबाट व्यहोरिने संशोधित अनुमान छ।

## ३

अध्यक्ष महोदय,

३.१ आगामी आर्थिक वर्षको बजेटमा अन्तर्निहित आर्थिक र विकास नीतिहरू मूलतः श्री ५ को सरकारले हालै जनसमक्ष ल्याएको विशेष आर्थिक कार्यक्रमको कार्यान्वयनलाई नै सघाउ पुर्‍याई छैठौं योजनाले परिलक्षित गरेको विकास दरलाई हासिल गर्ने दृष्टिकोणले निर्धारण गरिएका छन्। विशेष आर्थिक कार्यक्रमबारे यहाँ केही प्रकाश पार्न चाहन्छु।

३.२ विकासको गति द्रुततर गर्न मूलभूत आवश्यकता नै मानिएको राजनैतिक परिपक्वता जस्ता महत्त्वपूर्ण सफलताहरू मैले शुरूमा नै उल्लेख गरें। श्री ५ महाराजाधिराज सरकारको प्रजावत्सलता तथा दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थामा समर्पित कार्यकर्ताहरूको अथक परिश्रम एवं व्यवस्थाप्रति रहेको जन-आस्थाले प्राप्त यो अनुकूल वातावरण अब आर्थिक विकासका लागि पूर्वाधारको रूपमा कायम हुन आएको छ। तसर्थ हाम्रो सम्पूर्ण साधन तथा प्रयासलाई आर्थिक विकासका लागि केन्द्रित गर्नु आजको सबभन्दा महत्त्वपूर्ण चुनौती हुन गएको मैले सम्झेको छु।

३.३ यस राजनैतिक तथा आर्थिक पृष्ठभूमिमा श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रिय पञ्चायतको बत्तीसौं अधिवेशनमा बक्सेको शाही सम्बोधन तथा २०३८ सालको विजया दशमी र २०३९ साल वैशाख १ गते देशबासीका नाउँमा बक्सेको सन्देशहरू र केन्द्रीय पञ्चभेलाले सिफारिश गरेको विभिन्न सुझावहरूको परिप्रेक्ष्यमा देशको आर्थिक व्यवस्थाको विभिन्न पक्षहरूको विकास तथा सुदृढीकरणको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निमित्त श्री ५ को सरकारले विशेष आर्थिक कार्यक्रम जनसमक्ष प्रस्तुत गरिसकेको छ। विशेष आर्थिक कार्यक्रमको मुख्य उद्देश्य क्षेत्रीय सन्तुलनका आधारमा जनसहभागिताको माध्यमबाट उपलब्ध स्रोत र साधनलाई उत्पादनशील व्यवसायमा प्रवाहित गरी राष्ट्रिय उत्पादन वृद्धि गर्नु र विकासको प्रतिफल बहुसंख्यक जनतामा पुऱ्याउनु रहेको छ। साथै आर्थिक क्षेत्रमा विद्यमान विभिन्न असंगतिहरूलाई हटाउन र कार्य सम्पादनमा देखा परेका विभिन्न समस्याहरूको समाधान गर्नका लागि नयाँ दृष्टिकोण अपनाई आधारभूत कार्यनीति पनि तर्जुमा गरिएको छ।

३.४ यस वर्ष छैठौं योजना कार्यान्वयन भएको दुई वर्ष व्यतीत हुँदैछ। हाम्रो योजनाको मूलभूत लक्ष्य आन्तरिक तथा वाह्य साधनहरूको अधिकतम परिचालन गरी विकासको गतिलाई तीव्रतर पार्दै लग्नु हो। देशको वास्तविक आवश्यकता र वस्तुस्थितिलाई दृष्टिगत गरी उत्पादनलाई वृद्धि गर्दै लग्नु नै विकासको लागि हाम्रो प्रयासको प्राथमिकता हुन आएको छ। तदनुसार कृषि क्षेत्रमा छैठौं योजनामा निर्धारित उत्पादनको लक्ष्य एक वर्षअगाडि नै पूरा गर्ने गरी कार्यक्रम सञ्चालन हुनेछ। कृषि सामग्रीहरूको आपूर्ति व्यवस्था समयमै मिलाउनाको साथै साना किसान विकास आयोजना, साझा सहकारी व्यवस्था तथा भूमिसुधारसम्बन्धी आयोजनाहरूलाई अझै परिष्कृत, सुसंगठित तथा व्यवस्थित गरी कृषकहरूलाई प्रत्यक्ष लाभ पुऱ्याउनमा बढी जोड दिइएको छ।

३.५ राष्ट्रिय उत्पादनको अभिवृद्धिमा कृषि क्षेत्रको योगदानको महत्त्वपूर्ण भूमिका छ, तर बढ्दो जनसंख्याको अनुपातमा राष्ट्रिय उत्पादन अभिवृद्धि गर्दै लग्नको लागि औद्योगीकरण गर्नेतर्फ पनि हामीले दृढताकासाथ अगाडि बढ्नु परेको छ। यही दृष्टिकोण अपनाई नयाँ औद्योगिक नीति कार्यान्वयन गरिएको कुरा माननीय सदस्यहरूमा विदितै छ। देशमा उपलब्ध कच्चा वस्तुमा आधारित उद्योगहरूको प्रवर्द्धनको निम्ति कृषि एवं वन पैदावारमा आधारित उद्योगहरू तथा आयात प्रतिस्थापन हुने उद्योगहरूको स्थापना एवं विस्तारमा जोड दिइएको छ। यसको अतिरिक्त विभिन्न कठिनाईको कारणबाट बन्द रहेको उद्योगलाई पुनः संचालन गर्ने तथा चालू उद्योगहरूलाई पूर्ण क्षमतामा संचालन गर्नेतर्फ विशेष प्रयत्न गरिनेछ।

३.६ देशको व्यापार प्रवर्द्धन गर्ने, यस क्षेत्रमा देखिएका असंगतिहरू हटाउने तथा औद्योगिक लगानीको विस्तार गर्न निजी क्षेत्रलाई आवश्यक प्रोत्साहन दिने दृष्टिकोणले विशेष आर्थिक कार्यक्रम अन्तर्गत नयाँ वाणिज्य नीति लागू गरिएको छ। यसको कार्यान्वयनबाट एकातिर राष्ट्रिय हितसंग मेल नखाने निजी संकुचित स्वार्थबाट प्रेरित प्रवृत्ति निरुत्साहित हुनेछ भने अर्कोतिर देशको औद्योगिक विकासमा वाणिज्य क्षेत्रले सकारात्मक र महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने मैले आशा गरेको छु।

236

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.७ यसरी हामीले विकास प्रक्रियालाई अभियानको रूपमा संचालन गर्ने क्रम शुरू गरिसकेका छौं । यस क्रमलाई अझ दृढताकासाथ प्रभावकारी ढङ्गले अगाडि बढाउँदै लैजानु परेको छ । हाम्रा विकासका समस्याहरू गम्भीर छन् । यिनीहरूको सामना गरी निर्धारित लक्ष्य हासिल गर्नु निश्चय पनि एक जटिल कार्य हो । तर यसबाट हामी हतोत्साहित हुनु पर्ने कुनै कारण छैन । नेपाली जनतामा विकासमूलक गुणहरू यथेष्टरूपमा विद्यमान भएकोले विकासका लक्ष्यहरू हासिल गर्न हामी समर्थ छौं भन्ने कुरामा म विश्वस्त छु । यही विश्वासका साथ आगामी आर्थिक वर्षको बजेटमा आर्थिक तथा विकास नीतिहरूलाई नयाँ मोड दिने प्रयास गरेको छु ।

३.८ मैले प्रस्तुत गर्न लागेको बजेटमा अन्तर्निहित नीतिहरू श्री ५ महाराजाधिराज सरकारबाट यस सदनको तेत्तीसौं अधिवेशनलाई बक्सेको शाही सम्बोधनबाट निर्देशित छन् । माननीय सदस्यहरूले व्यक्त गर्नु भएका भावनाहरू र विभिन्न औपचारिक तथा अनौपचारिक छलफलका क्रममा दिनु भएका सुझावहरूका साथै केन्द्रीय पञ्च भेलाले पारित गरेका विभिन्न सुझावहरूलाई पनि ध्यानमा राखेको छु ।

३.९ अब म आगामी आर्थिक वर्षको बजेटमा अपनाइएको आर्थिक तथा विकास नीतिहरूको उल्लेख गर्न चाहन्छु ।

३.१० दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको मूलभूत उद्देश्यहरू हासिल गर्नु हामी सबैको परम कर्तव्य हो र हाम्रा सबै दीर्घकालीन विकास नीति र कार्यक्रमहरू यी उद्देश्यहरूप्रति परिलक्षित हुनु पर्दछ । यसको लागि निरन्तर धैर्य र विकासप्रति कटिवद्धता अपरिहार्य हुन्छ । दीर्घकालीन नीति र कार्यक्रमको उपलब्धि एवं प्रभाव दिगो हुन्छ, तर लामो अवधिको प्रतीक्षापछि मात्र प्राप्त हुने उपलब्धिको आशा मात्र देखाई सर्वसाधारण जनतालाई पर्खाई राख्नु न्यायोचित होइन र सधैं संभव पनि हुँदैन । तसर्थ हाम्रा विकास कार्यक्रमहरू निर्धारण गर्दा दीर्घकालीन उद्देश्यहरू र तात्कालिक आवश्यकता एवं समस्याहरूको समाधान गर्ने कार्यक्रमहरूको बीच उचित संतुलन कायम गर्नु नितान्त आवश्यक छ ।

३.११ सर्वसाधारण जनताका तत्कालका आवश्यकताहरू, समाजका कमजोर वर्गलाई थिचिरहेका भोक, रोग र दरिद्रताको पैरो रोक्ने कार्यहरू, विकासको क्रममा देखा पर्ने नयाँ नयाँ समस्याहरू, जनसंख्याको अनियन्त्रित बृद्धि तथा त्यसबाट आएको वातावरणको असन्तुलन एवं प्राकृतिक सम्पदाको विनाश, आदि समस्याहरूको समाधान यथासम्भव चाँडो हासिल गर्नु परेको छ । त्यसैले कृषि, उद्योग जस्ता प्रत्यक्ष उत्पादन मूलक आयोजनाहरूको साथै सर्वसाधारण जनताका तात्कालिक आवश्यकता पूर्ति गर्ने तथा प्राकृतिक स्रोत र संपदाको संरक्षण गर्ने, वातावरणको असन्तुलन तथा ह्रासलाई नियन्त्रण गर्ने र खानेपानी, स्वास्थ्य सेवा, आदि कार्यक्रमहरूलाई पनि प्राथमिकता दिने नीति लिइएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.१२ देश विकासको निमित्त सबैभन्दा ठूलो साधन हाम्रो अपार जनशक्ति नै हो । सरकारी स्तरबाट संचालित केही आयोजनाले मात्र देशको सर्वाङ्गीण विकास हुन सक्दैन र सर्वसाधारण जनतामा विकासप्रति भावनात्मक जागरण आउन पनि सक्दैन । दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको प्रादुर्भाव भएदेखि गाउँस्तरदेखि नै स्थानीय राजनैतिक नेतृत्वलाई गतिशील बनाई विकासको निमित्त जनपरिचालन गर्ने दिशामा ठूलो जाँगर र हौसला आएको छ । त्यसलाई सही दिशा र गति दिन सकेको पक्षमा एकातिर जनताको स्थानीय खाँचो पूर्ति गर्ने विभिन्न आयोजनाहरू कार्यान्वयन हुन सक्नेछन् भने अर्कोतिर सबैलाई राष्ट्रिय विकासको मूलप्रवाहमा सक्रिय सहभागी बनाउन सकिनेछ । केन्द्रीय पञ्चभेलाको भावना पनि यही नै हो भन्ने मेरो धारणा छ ।

३.१३ आज देशमा स्थानीय स्तरमा स-साना आयोजना सञ्चालन गर्ने जनसहभागिता परिचालन गर्न नेतृत्व र स्थायी संगठनको खाँचो छैन । दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाअन्तर्गत हाम्रा सबै गाउँ र जिल्लामा स्थायी, सक्षम र उत्तरदायी संगठनहरू छन् । विकासका लागि स्थानीय राजनैतिक इकाईको योगदान अत्यन्त नै महत्त्वपूर्ण हुन्छ । हालै निर्वाचित स्थानीय पञ्चायतहरूबाट यस्तो उत्तरदायित्वको निर्वाह हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

३.१४ हाम्रो जस्तो ग्रामीण अर्थ व्यवस्थामा साझाको भूमिका महत्त्वपूर्ण हुन्छ । ग्रामीण क्षेत्रका स-साना किसानवर्गमा सामूहिक हितको निमित्त साझा संस्थाहरूले ठूलो योगदान दिन सक्ने तथ्यलाई दृष्टिगत गरी साझालाई दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको आर्थिक पक्षको अभिन्न अङ्ग मानिएको छ । कृषि विकासका साधनहरू, कृषि ऋण र अन्य उपभोग्य वस्तुहरूको आपूर्ति तथा उपजको बेच-बिखनको व्यवस्था गर्न सघाउ पुऱ्याउने माध्यमको रूपमा साझा संस्थाहरूबाट काम भएका छन् । साझा संस्थाको विस्तार गर्ने क्रममा विगत वर्षहरूमा धेरै संख्यामा संस्थाहरू स्थापना गर्दा कतिपय संस्थाहरू आर्थिक रूपले सक्षम हुन नसकेको पाइएको छ । साथै गाउँस्तरमा व्यवस्थापन क्षमताको विकास पनि हुन सकेको छैन । यसप्रकार धेरैजसो साझा संस्थाहरूको मूल समस्या आर्थिक तथा व्यवस्थापनसम्बन्धी नै भएकोले आगामी वर्षदेखि साझाहरूलाई निर्देशित व्यवस्थापनअन्तर्गत आर्थिक सहयोग उपलब्ध गराई संचालन गराइने व्यवस्था मिलाइनेछ । साझा संस्थामा काम गर्ने सेवाका शर्तहरूलाई आकर्षक बनाइनुको साथै कृषि ऋण प्रदान गर्ने तथा कृषि उपज र कृषि सामग्री बेच-बिखन गर्ने संस्थाको रूपमा विकास गरिनेछ ।

३.१५ दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाले परिकल्पना गरेको विकेन्द्रीकरणलाई मूर्त रूप दिने सिलसिलामा आगामी वर्षदेखि जिल्ला स्तरीय आयोजनाको छनौट, कार्यान्वयन, रेखदेख तथा जनसहभागिताको परिचालन आदि विकास कार्यको सबै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पक्षमा स्थानीय नेतृत्वलाई नै अग्रसर गराइनेछ। केन्द्रीय विभागहरूको भूमिका नीति निर्धारण, सुपरिवेक्षण र राष्ट्रिय स्तरका ठूला आयोजनाहरूको कार्यान्वयनमा सीमित रहनेछ। यसरी राष्ट्रिय र जिल्ला स्तरीय कार्यक्रमहरू स्पष्ट रूपमा छुट्याइनेछ। यसबाट स्थानीय नेतृत्वको विकासमा सघाउ पुग्नुको साथै जनसहभागिता व्यापक रूपमा परिचालन गर्न पनि बढावा मिल्नेछ। जिल्ला पञ्चायतलाई विकासकार्यहरू सञ्चालन गर्न आर्थिक साधन उपलब्ध गराउने उद्देश्यले प्रत्येक जिल्लामा संकलन हुने मालपोतको ५० प्रतिशत रकम अनुदान दिने व्यवस्था गरिनेछ। यस अनुसार रू. १ लाखसम्म मालपोत उठ्ने जिल्लामा भने सम्पूर्ण रकम जिल्ला पञ्चायतलाई अनुदान दिइनेछ। स्थानीय विकासको लागि कुनै जिल्लाले गाउँ पञ्चायतहरूको सिफारिशमा पञ्चायत विकास तथा जग्गा कर पुन: लागू गर्न चाहेमा श्री ५ को सरकारले स्वीकृति दिने नीति अपनाएको छ। यसप्रकार लागू भएका पञ्चायत विकास तथा जग्गाकरबाट प्राप्त आयमध्ये ३५ प्रतिशत श्री ५ को सरकारमा जम्मा गर्नु पर्नेछ। बाँकी ६५ प्रतिशतमध्ये १० प्रतिशतसम्म प्रशासकीय खर्चमा उपयोग गरी अन्य सबै रकम विकास आयोजनामा उपयोग गर्नु पर्नेछ। साथै पञ्चायत विकास तथा जग्गा करबाट भएको आम्दानी र खर्चको लेखापरीक्षणको व्यवस्था पनि गरिने भएको छ। यसरी स्थानीय स्तरमा नै बढी मात्रामा साधनको परिचालन भएमा विकासकार्यलाई अझ बढी व्यापक बनाउन सकिने हुन्छ भन्ने मेरो धारणा छ।

३.१६ हाम्रो अर्थ व्यवस्था मूलत: निजी क्षेत्रमै आधारित रहेको पृष्ठभूमिमा देशको आर्थिक विकास र सामाजिक विकास यसै क्षेत्रको प्रयासबाट मात्र सम्भव हुने हुँदा यस क्षेत्रको भूमिका आउँदा वर्षहरूमा अझ बढी विस्तृत र विविध गराउँदै लैजानु पर्ने देखिएको छ। सरकारी क्षेत्रलाई प्रतिरक्षासम्बन्धी उद्योग र निजी क्षेत्रबाट सम्भव नहुने कार्यहरूमा मात्र केन्द्रित गराई यी दुवै क्षेत्रका प्रयासहरूलाई एक अर्काको परिपूरकको रूपमा विकसित गराइनेछ। यही दृष्टिकोण अपनाई सरकारी क्षेत्रमा जनतालाई तत्काल लाभ दिने, सरकारी स्तरमा मात्र सम्भव नहुने र अन्ततोगत्वा निजी क्षेत्रलाई सघाउ पुऱ्याउने कामहरूमा मात्र सरकारी क्षेत्रबाट संलग्न गराई अन्य सबै विकास कार्यहरू निजी क्षेत्रमा नै गराउन प्रोत्साहित गरिनेछ। निजी क्षेत्रलाई उद्योग र व्यापार जस्ता क्षेत्रमा मात्र सीमित नराखी आगामी वर्षदेखि यातायात, सिंचाइ, निर्माण, वृक्षारोपण र खानेपानी जस्ता कामहरूमा पनि सक्रिय सहभागी गराउने दृष्टिकोण राखिएको छ। यसको लागि श्री ५ को सरकार अनुकूल वातावरण सिर्जना गर्न प्रयत्नशील रहनेछ। निजी क्षेत्रको संस्थागत विकासको लागि पूंजी बजारलाई प्रभावकारी रूपबाट संचालन गर्न आवश्यक कानूनी व्यवस्था पनि गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.१७ देशको आर्थिक तथा सामाजिक विकास द्रुततर गतिले संचालन गर्ने क्रममा विगत दुई दशकमा विभिन्न सरकारी संस्थानहरू स्थापना भएको कुरा माननीय सदस्यहरूलाई विदितै छ। देशको आर्थिक तथा सामाजिक विकासमा निजी क्षेत्रलाई पनि संलग्न गराई निजी क्षेत्रको भूमिका व्यापक गर्ने नीति श्री ५ को सरकारले अवलम्बन गरे तापनि यसको विकासको लागि केही समय लाग्नेछ । तसर्थ अझ केही कालको लागि सरकारी क्षेत्रको महत्वपूर्ण भूमिका रही रहने हुनाले सरकारी संस्थानहरू विकासको एक प्रभावकारी माध्यमको रूपमा संचालन गर्नु पर्ने आवश्यकता निर्विवाद छ । यही दृष्टिकोणले सरकारी संस्थानहरूको उद्देश्य, कार्यक्षेत्र तथा क्रियाकलापलाई पुनः परिभाषित गर्नुको साथै यिनीहरूको कार्यक्षेत्र निर्धारण गर्ने व्यवस्था गरिएको छ ।

३.१८ सरकारी खर्च बचत गर्ने सिलसिलामा संस्थानहरूद्वारा प्रदान गरिने सब्सिडी नीतिमा पनि पुनर्विचार गरिएको छ। सब्सिडी नीतिमा अन्तरनिहित भावना अनुरूप समाजका कमजोर वर्गले व्यवहारमा सब्सिडीबाट अपेक्षित फाइदा उठाउन नसकेको हाम्रो अनुभव रहेको छ । बढ्दो सब्सिडीको परिमाणबाट राष्ट्रिय आर्थिक व्यवस्थामा अनावश्यक भार पर्न गई विकास कार्यमा प्रतिकूल असर पर्न सक्ने महसूस गरिएको छ । त्यसैले विभिन्न संस्थानद्वारा देशको दुर्गम भागमा तथा समाजका कमजोर वर्गलाई उपलब्ध गराइएको सेवा सुविधा बाहेक अन्य प्रकारका सब्सिडीहरू क्रमशः घटाउँदै लैजाने नीति अपनाइएको छ ।

३.१९ विभिन्न विकास क्षेत्रको बीच देखिएको विकासको असमानतालाई सुधार गर्नुपर्ने आवश्यकताप्रति श्री ५ को सरकारको ध्यान गएको छ । अधिराज्यको सबै क्षेत्रको समानुपातिक ढङ्गले विकास हुनु पर्छ भन्ने दृष्टिकोण लिई सोही अनुसार कार्यक्रमहरूलाई बढी मात्रामा पिछडिएका क्षेत्रमा अग्रसर गराउने प्रयास भइरहेको माननीय सदस्यहरूलाई अवगत नै छ।

३.२० सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको कठिनाई र समस्यातिर विशेष रूपले ध्यान दिनु आजको राष्ट्रिय आवश्यकता हो। श्री ५ महाराजाधिराज सरकारबाट केही समयअघि त्यस क्षेत्रको अनौपचारिक भ्रमण गरिबक्सी त्यस क्षेत्रको विकास कार्यक्रमहरूको सम्बन्धमा महत्वपूर्ण निर्देशन बक्सेको छ। यसै सिलसिलामा त्यस क्षेत्रको निमित्त समावेश गरिने आयोजनाहरूको छनौट र कार्यान्वयन समीक्षा गर्न एउटा उच्चस्तरीय समितिको गठन भई कार्य प्रारम्भ भइसकेको छ । बक्स भएका निर्देशनहरूलाई मार्गदर्शनको रूपमा लिई तदनुसार श्री ५ को सरकारले विकास आयोजनाहरूको छनौट र कार्यान्वयन गर्ने व्यवस्था गरेको छ। यस क्रममा आगामी आर्थिक वर्षको बजेटमा ती आयोजनाहरू संचालन गर्न रकमको व्यवस्था गरेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.२१ अनियन्त्रित जनसंख्या बृद्धिले गर्दा हाम्रो आर्थिक विकासको गतिमा प्रतिकूल प्रभाव परेको छ । विगत वर्षहरूमा हासिल गरिएका उपलब्धिहरूको दाँजोमा जनसंख्याको वृद्धि दर बढी भएकोले सर्वसाधारणको जीवनस्तरमा सुधार हुन सकेको छैन र बढ्दो वन विनाश, खोरिया फडानी, बसाईं सराई आदिले वातावरण नै असन्तुलित भई बाढी, पैरो र भू-स्खलनका समस्या बढ्दै छन् । अर्कोतिर बढ्दो मात्रामा प्राथमिक शिक्षा, खानेपानी, स्वास्थ्य केन्द्रहरू, बाटो, पुल आदिको लागि खर्चको व्यवस्था गर्नु पर्दा ठूला र उत्पादक खालका आयोजनामा अपेक्षित मात्रामा वृद्धि गर्न सकिएको छैन । यसले गर्दा जनसंख्यालाई नियमित गरी मानिस र वातावरण बीच बढी सन्तुलन कायम गर्ने नीति अपनाउनु आवश्यक छ ।

३.२२ जनसंख्या वृद्धिमा परिवारको आर्थिक र सामाजिक वातावरणले प्रभाव पर्ने भएकोले एकातिर सर्वसाधारण जनतामा बढी सन्तान लाभकारी नहुने सोचाई र स्थिति सिर्जना गर्नु आवश्यक छ भने अर्कोतिर नियोजनका सबै साधन सरल र सुलभ बनाइनु पनि उत्तिकै आवश्यक हुन्छ । यिनै तथ्यलाई दृष्टिगत गरी श्री ५ को सरकारले जनसंख्यासंग सम्बन्ध राख्ने विभिन्न कार्यक्रमहरू जस्तै एकीकृत ग्रामीण विकास, खाद्यान्न उत्पादन, वन विकास, स्वास्थ्य, शिक्षा, सूचना र प्रसार आदिको जनसंख्या कार्यनीतिसंग बढी समन्वय गराई संचालन गराउने छ । बढी जनघनत्व भएका क्षेत्रमा परिवार नियोजनका कार्यक्रमलाई बढी जोड दिइनेछ र सानो परिवारप्रति अभिरूचि बढाउन विभिन्न जनसमूहलाई सुहाउने गरी बेग्लाबेग्लै किसिमबाट व्यापक रूपले प्रचार र प्रसार गरिनेछ । जनसंख्या सम्बन्धी कार्यक्रमहरूमा स्थानीय पञ्चायत, वर्गीय संगठन र सामाजिक संस्थाहरूको महत्त्वपूर्ण भूमिका हुने भएकोले यी संस्थाहरूलाई समेत परिचालन गरी नियोजन कार्यक्रम व्यापक बनाइनेछ । यसको निमित्त श्री ५ को सरकारले आवश्यक आर्थिक र प्राविधिक सघाउ पुऱ्याउनुका साथै नियोजनका साधनहरू उपलब्ध गराउनेछ । यसै परिप्रेक्ष्यमा श्री ५ को सरकारले जनसंख्या नियन्त्रण कार्यक्रमलाई बढी प्रभावकारी ढङ्गले संचालन गर्ने उद्देश्य लिई विभिन्न क्षेत्रको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जनसंख्या आयोगको पुनर्गठन पनि गरेको छ ।

३.२३ उर्जाको निरन्तर रूपमा बढ्दै गइरहेको आवश्यकता वन पैदावारबाट मात्र पूरा हुन नसक्ने स्थिति भएकोले तत्काल वैकल्पिक उर्जा स्रोतमा विकास हुनु अत्यावश्यक छ । यसको लागि हाम्रो अपार जलसम्पदाको यथाशीघ्र उपयोग गरिनु पर्दछ । यसबाट औद्योगिक विकास, गार्हस्थ्य उपयोग, सिचाइ र जलमार्गको विकासको साथै निर्यातको लागि यथेष्ट विद्युतशक्तिको उत्पादन गरी अर्थतन्त्रको ढाँचामा नै परिवर्तन ल्याउनु परेको छ । यो तथ्यलाई ध्यानमा राखी जलस्रोतको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकासलाई नै केन्द्रित गरी दीर्घकालीन विकास नीति निर्धारण गर्नु अपरिहार्य भएको छ ।

३.२४ जलस्रोतको उपयोगको निमित्त विगत वर्षहरूमा पनि जलविद्युत र सिंचाइ विकास सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिइँदै आएको हो । कुलेखानी जल विद्युत आयोजनाको निर्माण पूरा भएको छ र दोस्रो चरणको कार्य प्रारम्भ भइसकेको छ । मर्स्याङ्दी जल विद्युतको लागि वैदेशिक सहयोग उपलब्ध हुने भएको छ र सप्त गण्डकी जल विद्युतको अध्ययन कार्य भइरहेको छ ।

३.२५ जलस्रोत विकासको हाम्रो आवश्यकता र यसको महत्त्वलाई मध्य नजरमा राखी जलस्रोतसम्बन्धी आयोजनाहरूमा आन्तरिक साधनहरूको उपयोग बढाउँदै लैजाने नीति लिइएको छ । तर यसप्रकारका आयोजनाहरूमा धेरै लगानी आवश्यक पर्ने र प्रविधि पनि जटिल हुने हुनाले आन्तरिक साधनबाट मात्र संचालन संभव नहुने भएकोले आर्थिक तथा प्राविधिक सहयोग जुटाउन प्रयास गरिनेछ ।

३.२६ बढ्दै गइरहेको व्यापार घाटा पनि श्री ५ को सरकारको लागि चिन्ताको विषय रहेको छ । व्यापार घाटालाई नियन्त्रण गर्न निर्यात योग्य वस्तुहरूको विकास तथा आयात प्रतिस्थापन गर्ने वस्तुहरूको उत्पादनमा वृद्धि गरिनु आवश्यक छ । देशको उपलब्ध साधनलाई दृष्टिगत गर्दा सबै वस्तुहरू देशभित्र नै उत्पादन गर्न संभव नहुने हुनाले तथा विकासका सामग्रीहरूको लागि केही कालको लागि आयातमा नै निर्भर रहनु पर्ने भएकोले निर्यात वृद्धितर्फ नै बढी जोड दिनु जरुरी भएको छ । यी नै कुराहरूलाई ध्यानमा राखी निर्यात प्रवर्द्धन गर्ने तथा निर्यात क्षेत्रमा देखिएका समस्याहरू समाधान गर्दै लगी यस क्षेत्रको विस्तार गर्ने उद्देश्यले "राष्ट्रिय निकासी व्यापार परिषद्" को गठन भैसकेको छ ।

३.२७ सर्वसाधारण जनतालाई चाहिने अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरू तथा विकास र निर्माण सामग्रीहरूको उपलब्धिमा समय समयमा देखापर्ने अनिश्चिततालाई जति सक्दो चाँडो सुधार गरी नियमित तरीकाले आपूर्ति गर्ने ठोस कदमहरू अपनाइनेछन् ।

३.२८ प्रायः सबैजसो पहाडी तथा दुर्गम क्षेत्रहरूमा खाद्यान्नको उत्पादन उपभोगको तुलनामा न्यून रहेको छ । मौसमको प्रतिकूल असर तथा दैवी प्रकोपको कारणबाट उत्पादन घट्न जाँदा देशका केही भागहरूमा बराबर खाद्यान्नको समस्या आईपर्ने गरेको छ । श्री ५ को सरकारले ढुवानी तथा परल मूल्यमा अनुदान व्यहोर्ने गरी खाद्यान्न न्यून हुने क्षेत्रहरूमा सहूलियत दरमा बिक्री वितरण गर्दै आएको छ । नियमित कार्यक्रम अन्तर्गत व्यवस्था गरेको खाद्यान्नबाट मात्र समय समयमा आई पर्ने अभावलाई पूर्ति गर्न नसक्ने भएबाट आगामी आर्थिक वर्षदेखि खाद्यान्न जगेडा कोष खडा गरी त्यसको परिचालन गर्ने व्यवस्था गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.२९ चालू आर्थिक वर्षको ९ महीनासम्म मूल्य वृद्धिको दर सामान्य रहे तापनि आर्थिक वर्षको अन्तिम चरणमा केही खाद्यान्न वस्तुहरूको मूल्यमा भएको अत्यधिक वृद्धि चिन्ताको विषय भएको छ। खाद्यान्न वस्तुहरूको मूल्य अप्रत्याशित रूपले वृद्धि भएमा निश्चित आय हुने वर्गलाई ज्यादै मर्का पर्न सक्ने भएकोले यस प्रकार खाद्यान्नको मूल्य बढ्न नदिन श्री ५ को सरकार सचेष्ट रहेको छ। काठमाडौं उपत्यकामा विगत २ महीनामा भएको अप्रत्याशित मूल्य वृद्धिलाई रोक्न मोटो चामलको आपूर्ति बढाईएको छ। भविष्यमा पनि अत्यावश्यक वस्तुहरूको पर्याप्त संचिति समयमा नै गरी आपूर्तिको माध्यमबाट मूल्यवृद्धिलाई नियन्त्रण गरिनेछ। तर कृत्रिम अभावको श्रृजना गर्न खोज्ने व्यक्तिहरूमाथि यथेष्ट कारवाही गर्न श्री ५ को सरकार पछि पर्नेछैन।

३.३० दैनिक उपभोगका सामानहरूको चर्को मूल्य वृद्धिले सर्वसाधारण जनतालाई निकै मर्का परेको महसूस भएको छ। तर प्रशासनिक यन्त्रबाट अस्वाभाविक रूपले मूल्य नियन्त्रण गर्दा एकातिर यस्ता सामानहरू बजारबाट लोप हुन जान्छन् भने अर्कोतिर वास्तविक उत्पादक पनि निरुत्साहित हुने संभावना हुन्छ। त्यसैले उपभोक्ता र उत्पादक दुवैको हितलाई ध्यानमा राखी उचित मूल्य निर्धारण गर्ने आवश्यक व्यवस्था मिलाउने प्रयास रहनेछ। नियमित आपूर्तिको व्यवस्था गरिनेछ; उत्पादकहरूलाई उचित मूल्य दिलाउन साझा संस्थाहरूलाई ग्रामीण क्षेत्रमा नै खरीद गर्ने कार्यमा सक्रिय गराइनेछ। असाधारण अवस्थामा बाहेक खाद्यान्नको निकासीलाई खुला राखिने छ।

३.३१ अनियोजित रूपमा हुने मुद्रा प्रदायको वृद्धिले आर्थिक स्थितिमा प्रतिकूल असर पार्ने भएकोले मुद्रा प्रदायलाई वांछित सीमाभित्र राख्ने उद्देश्यले आगामी आर्थिक वर्ष अनुत्पादक क्षेत्रमा जाने कर्जालाई नियन्त्रित गर्नुको साथै वैदेशिक सम्पत्तिको उपयोग उत्पादनशील क्षेत्रको विकासमा लगाउने नीति अवलम्बन गरिनेछ। देशको कर्जा व्यवस्थालाई सुदृढ गरी उत्पादनशील क्षेत्रतर्फ बढी भन्दा बढी मात्रामा कर्जा प्रवाहित गराउने उद्देश्यले आगामी वर्ष कर्जा योजनाको तर्जुमा गरिनेछ।

३.३२ आर्थिक विकासको वांछित दर हासिल गर्न सरकारी क्षेत्रको प्रयास मात्रले संभव छैन। न सरकारी क्षेत्रको विकास खर्च मात्रले देशको कूल लगानीलाई प्रतिबिम्बित गर्छ। त्यसैले श्री ५ को सरकारले चालू आर्थिक वर्षदेखि नै निजी क्षेत्रको विकासमा जोड दिंदै आएको छ। छैठौं योजनाको लक्ष्य हासिल गर्न पनि निजी क्षेत्रको लगानीमा पर्याप्त वृद्धि गर्नु पर्ने देखिन्छ। यसप्रकार गैर सरकारी क्षेत्रको आर्थिक क्रियाकलापलाई बढाउन बैङ्क तथा वित्तीय संस्थानहरूको भूमिका महत्त्वपूर्ण हुने भएकोले यस क्षेत्रको लगानी बढाउन बैङ्क तथा वित्तीय संस्थानहरूको कार्यपद्धतिमा नयाँ मोड दिइनेछ।

३.३३ रोजगारी नपाएका शिक्षित वर्ग तथा समाजका कमजोर वर्गको उन्नतिको लागि बैङ्क तथा वित्तीय संस्थानहरूको साधनको उपयोग गरिनेछ। बैङ्कहरूको लगानी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उत्पादनशील क्षेत्रमा, त्यसमा पनि खास गरेर समाजका स-साना तथा कमजोर वर्गतिर प्रवाहित गर्ने र मौद्रीकरणको क्षेत्र बढाएर छरिएर रहेका बचतको परिचालन गर्न बैंकिङ्ग सेवालाई ग्रामीण क्षेत्रमा विस्तार गर्नमा विशेष जोड दिइनेछ। सीप र श्रमको उपयोग गरी उत्पादन तथा सेवा व्यवसायमा लाग्न चाहने समाजका कमजोर वर्गका लागि घरेलु उद्योगका मेशीन, कच्चा पदार्थ, ठेलगाडा, गोरुगाडा, टेम्पो, रिक्सा जस्ता साधनहरू खरीद गर्न सुलभ रूपमा बैङ्क ऋण उपलब्ध गराइनेछ। वित्तीय संस्थानहरूले प्रदान गर्ने ऋणलाई बढी व्यावहारिक र सुलभ बनाइनेछ। साथै, वाणिज्य बैङ्कहरूको नयाँ शाखा खोल्दा दुर्गम क्षेत्रलाई बढी प्राथमिकता दिई १० वर्ष सम्मको कारोबारमा भएको नोक्सानीको क्षतिपूर्ति दिने व्यवस्था गरिनेछ।

३.३४ उत्पादन क्षेत्रतर्फ लगानी बढाउने र खास गरी समाजका कमजोर वर्गको हितलाई ध्यानमा राखी सञ्चालन गरिएका प्राथमिकता प्राप्त क्षेत्रमा जाने कर्जा रकमलाई बढी प्रभावकारी बनाउने उद्देश्यले चालू आर्थिक वर्षदेखि नै सघन बैंकिङ्ग विकास कार्यक्रम सञ्चालन गरिंदै आएको छ। आगामी वर्षदेखि प्राथमिकता प्राप्त क्षेत्र-तर्फ प्रवाहित गरिने कर्जा रकम वाणिज्य बैङ्कको कूल निक्षेपको न्यूनतम १० प्रतिशत कायम गरिनेछ। ग्रामीण स्तरमा कृषि कर्जालाई सुगम रूपमा प्रवाहित गर्न कृषि ऋणमा सरलीकरण गरिएको छ।

३.३५ हाम्रो विकासमा हुने लगानीमा आन्तरिक स्रोत बढाउँदै लैजाने हाम्रो नीति हुँदा हुँदै पनि विदेशी सहयोगमा भर पर्नु पर्ने अवस्था रहेको छ। विदेशी सहयोग हालसम्म सुचारू रूपले नै उपलब्ध भरहेको भए तापनि देशको विकास कार्यमा आफ्नै श्रोतलाई बढी परिचालन गर्नु पर्ने आवश्यकता छ। त्यसैले आन्तरिक साधन बढी मात्रामा जुटाउन र सरकारी क्षेत्रमा हाल भैरहेको खर्चमा बचत गर्नका लागि विशेष प्रयासहरू गरिएका छन्।

३.३६ हाम्रो राष्ट्रिय आयको तुलनामा राजस्व ज्यादै न्यून रहेकोले यसमा अझै वृद्धि गर्न सकिने संभावना छ। चालू वर्ष राजस्व प्रशासनमा सुदृढीकरण गर्ने क्रममा उठाइएका विभिन्न कदमहरूको राजस्व उठ्तिमा परेको सकारात्मक प्रभावलाई ध्यानमा राख्दा यो सुदृढीकरण प्रक्रिया जारी राखेर वर्तमान करका दरहरूबाट पनि राजस्वमा निकै वृद्धि गर्न सकिने देखिएको छ। चालू छैठौं योजना अवधिमा सरकारी क्षेत्रमा खर्च गरिने कूल लक्षित रकम रू. २१ अरब ७५ करोड मध्ये ४० प्रतिशत अर्थात रू. ८ अरब ७० करोड आन्तरिक स्रोतबाट व्यहोरिने व्यवस्था गरिएको छ। योजनाको पहिलो २ वर्षमा भएको कूल विकास खर्च ६ अरब ८० करोडमध्ये ३ अरब १८ करोड अर्थात् ४७ प्रतिशत आन्तरिक स्रोतबाट व्यहोरिएको छ।

३.३७ छैठौं योजनाको कूल सरकारी खर्चमध्ये ६० प्रतिशत वैदेशिक सहायताबाट व्यहोर्ने अनुमान गरिएको छ। योजना अवधिको पहिलो दुई वर्षमा रू. ३ अरब ६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

करोड अर्थात् विकास खर्चको ५३ प्रतिशत विदेशी सहायताबाट व्यहोरिएको छ। आउँदा वर्षहरूमा पनि वाह्य सहयोग उपलब्ध भैरहने नै विश्वास लिन सकिन्छ। तर वाह्य सहयोग उपलब्धि उपयोगको प्रगतिसंग सम्बन्धित हुने भएकोले हाम्रो कार्य दक्षतामा वृद्धि ल्याउन जरूरी छ। यस सन्दर्भमा निरन्तर आयोजनाहरूको कार्यान्वयन स्थितिको अवलोकन गर्ने प्रक्रिया प्रारम्भ भई सकेको छ। आउँदो वर्ष यस प्रक्रियालाई अझ प्रभावकारी तुल्याइनेछ।

३.३८ आर्थिक विकासको क्रममा प्रशासकीय क्षेत्रमा बढ्दै गएको कार्य जटिलतालाई मनन गर्दा कर्मचारीको मनोभावनालाई उच्च गराई कार्यदक्षतामा अभिवृद्धि गर्दै जानु आवश्यक छ। श्री ५ को सरकारको कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधाहरूबारे सुझाव पेश गर्न गठन गरिएको पे-कमिशनले आफ्नो अन्तरिम सुझाव पेश गरेको छ। यस प्रतिवेदनमा उल्लेख गरिएका सुझावहरूलाई श्री ५ को सरकारले यथोचित विचार गरी आवश्यक कदमहरू उठाउनेछ।

## ४

अध्यक्ष महोदय

४.१ आगामी आर्थिक वर्षको विकास बजेट र कार्यक्रम तर्जुमा गर्दा छैठौं योजनाको मूलभूत उद्देश्य र नीतिसंग सामन्जस्य राखेको छु। यसको अतिरिक्त श्री ५ को सरकारले लागू गरेको विशेष आर्थिक कार्यक्रमलाई ध्यानमा राखेको छु। यस अनुसार उत्पादन वृद्धि गर्ने, सर्वसाधारण जनताको दैनिक आवश्यकता परिपूर्ति गर्ने र अर्थ व्यवस्थालाई क्रमश: सुदृढ तथा स्वाबलम्बी बनाउने आयोजनाहरूलाई प्राथमिकता दिएको छु। साथै माननीय सदस्यहरूबाट आ-आफ्नो जिल्लाको आवश्यकता बारे अभिव्यक्त भावनालाई समेत कदर गरी यथासम्भव उपयुक्त आयोजनाहरू समावेश गरेको छु।

४.२ आर्थिक विकासको अभियानमा आज हाम्रो सामु देखा परेका समस्याहरू चुनौतिपूर्ण र जटिल छन्। समस्यासंग डटेर मुकाबिला गर्न नेपालीहरूको अदम्य उत्साह, जाँगर तथा अनुभव संगाली उक्त समस्या समाधान गर्न सफल हुनेछौं भन्ने मेरो विश्वास छ। बालिग मताधिकारको आधारमा सम्पन्न भएको आम चुनाव तथा यस वर्ष स्थानीय स्तरको चुनावबाट पञ्चायत व्यवस्थामा आवश्यक मात्रामा परिपक्वता आई तदनुरूप यो व्यवस्था अझ बढी परिमार्जित तथा सुदृढ भएको कुरा स्पष्ट भइसकेको छ। आज मैले यस सदनमा प्रस्तुत गरेको बजेट जन-मानसमा देखा परेको विकासको लागि तत्परता र राजनैतिक क्षेत्रमा भएको उपलब्धिबाट प्रेरित छ। यसरी विकास कार्यक्रम संचालन गर्न आवश्यक पूर्वाधार तयार भई सकेकोले आयोजनाहरू सुचारू रूपले कार्यान्वयन हुने छन भन्ने विश्वास लिएको छु।

४.३ अब म आगामी आर्थिक वर्ष २०३९।४० को आय व्ययको अनुमान पेश गर्दछु। साधारण बजेटतर्फ रू. २ अरब २२ करोड ८४ लाख र विकास बजेटतर्फ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. ६ अरब ९५ करोड ८८ लाख खर्च हुने प्रस्ताव गरेको छ। यो खर्च चालू वर्षको बजेटको संशोधित अनुमानको तुलनामा साधारणतर्फ ३०.४ र विकासतर्फ ७०.८ प्रतिशतले बढी छ । तर चालू वर्षको अनुमानको तुलनामा भने क्रमशः २५.२ र ३०.५ प्रतिशतले बढेको छ ।

४.४ साधारण बजेटतर्फ संवैधानिक अङ्गमा रू. ६ करोड २ लाख, साधारण प्रशासनमा रू. ३३ करोड २६ लाख, राजश्व प्रशासनमा रू. ५ करोड ९२ लाख, आर्थिक प्रशासन र योजनामा रू. ३ करोड ६८ लाख, न्याय प्रशासनमा रू. ३ करोड ९९ लाख, वैदेशिक सेवामा रू. ६ करोड ८५ लाख, रक्षामा रू. ४० करोड २० लाख, सामाजिक सेवामा रू. ३५ करोड ३२ लाख, आर्थिक सेवाहरूमा रू. १८ करोड ५५ लाख, ऋण तथा लगानी र साँवा ब्याजमा रू. ३२ करोड ४८ लाख र विविधमा रू. ३६ करोड ५८ लाख व्यवस्था गरेको छ ।

४.५ विकास बजेटको कूल खर्चमध्ये आर्थिक सेवामा रू. ४ अरब ९१ करोड २ लाख, सामाजिक सेवामा रू.१ अरब ७८ करोड ६२ लाख र साधारण प्रशासन, आर्थिक प्रशासन, योजना र विविधमा रू. २६ करोड २४ लाख छुट्याइएको छ । आर्थिक सेवामा छुट्याइएको जम्मा रकम मध्ये, कृषि भुमिसुधार र सिचाइमा रू. १ अरब ६३ करोड ८२ लाख, बन तथा भू-संरक्षणमा रू. २६ करोड ४२ लाख, यातायातमा रू. १ अरब १९ करोड ३ लाख, विद्युतमा रू. ९४ करोड ३६ लाख, उद्योग तथा खानीमा रू. ६२ करोड २८ लाख र आर्थिक सेवाहरूको बाँकी अन्य शीर्षकहरूमा रू. २५ करोड ११ लाख छुट्याइएको छ । सामाजिक सेवाहरूतर्फ छुट्याइएको रकम मध्ये शिक्षामा रू. ६८ करोड ९४ लाख, पञ्चायत तथा स्थानीय विकासमा रू. ४२ करोड ६४ लाख, स्वास्थ्यमा रू. २८ करोड ५५ लाख, पिउने पानीमा रू. २३ करोड ६२ लाख र अन्य सामाजिक सेवाहरूमा रू. १४ करोड ८७ लाख छुट्याइएको छ ।

४.६ देशको अर्थतन्त्रमा कृषि विकासले महत्त्वपूर्ण स्थान राख्ने तथ्य निर्विवाद छ। चालू छैठौं योजनाले निर्धारण गरेको लक्ष्य तथा कार्यक्रममा यस क्षेत्रको विकासको निमित्त प्राथमिकता दिइएको छ । छैठौं योजनाको अन्तिम वर्षको लागि निर्धारित उत्पादन लक्ष्य एक वर्ष अगाडि नै हासिल गर्ने उद्देश्य राखी आगामी आर्थिक वर्षको कार्यक्रम तर्जुमा गरिएको छ । आगामी आर्थिक वर्षको निमित्त कृषि क्षेत्रको लागि छुट्याइएको रकमसध्ये कृषि प्रसार तथा अनुसन्धानको निमित्त रू. २० करोड ६० लाख, बाली विकास तथा संरक्षणको लागि रू. २ करोड ४४ लाख, बागवानी विकासको निमित्त रू. १ करोड ५४ लाख र पशु विकास र मत्स्य विकास कार्यक्रमको लागि रू. १५ करोड ७१ लाख खर्च गरिने भएको छ । कृषकलाई मल, बीउ, कीटनाशक औषधि सुलभ तरीकाले उपलब्ध गराउन कृषि सामग्री

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्थानलाई रू. २० करोड ३४ लाख उपलब्ध गराइनेछ । यसै गरी कृषि ऋणको लागि कृषि विकास बैंकलाई रू. ११ करोड ५१ लाख उपलब्ध गराइने व्यवस्था गरिएको छ । यस प्रकार कृषिको लागि जम्मा रू. ९५ करोड ७ लाख छुट्याइएको छ जुन रकम चालू आर्थिक वर्षको संशोधित अनुमान भन्दा ८४.७ प्रतिशतले बढी छ ।

४.७ कृषि विकासलाई सघाउ पुऱ्याउने दृष्टिकोणबाट आगामी आर्थिक वर्षमा संचालन गरिने वृहत् सिंचाइ आयोजनाहरूका निमित्त रू. ४९ करोड ४८ लाख, भूमिगत जल अन्वेषण तथा सिंचाइ कार्यक्रमको निमित्त रू. २ करोड १४ लाख र नदी नियन्त्रणसम्बन्धी कार्यको लागि रू. २ करोड खर्च गरिनेछ। सिंचाइको लागि छुटचाइएको जम्मा रू. ६५ करोड ९० लाख चालू आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा ६४.३ प्रतिशतले बढी छ ।

४.८ आगामी आर्थिक वर्षमा सन्चालन हुने वन विकास सम्बन्धी कार्यक्रममा रू. १९ करोड ८० लाख, भू-संरक्षणको निमित्त रू. ३ करोड ५८ लाख तथा राष्ट्रिय निकुञ्ज र वन्य जन्तु आरक्षको लागि रू. ३ करोड ४ लाख छुटचाइएको छ । यसरी वन तथा भू-संरक्षण कार्यक्रमको लागि छुटचाइएको रू. २६ करोड ४२ लाख चालू आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा ५९.२ प्रतिशतले बढी छ ।

४.९ देशको द्रुततर आर्थिक विकासको निमित्त पूर्वाधारको रूपमा रहेको यातायात क्षेत्रको विस्तारसम्बन्धी कार्यक्रमको लागि छुटचाइएको रकममध्ये महेन्द्र राजमार्गको बाँकी खण्डहरूको निर्माणको लागि रू. २३ करोड ८८ लाख, महेन्द्र राजमार्गका सहायक मार्गहरूको निर्माणको निमित्त रू. १० करोड २० लाख, उत्तर दक्षिण-राजमार्गहरूका निर्माणको निमित्त रू. ८ करोड ५९ लाख परेको छ । साथै निर्माण पूरा भै सकेका सडकहरूको पुनर्निर्माण तथा सुधारको लागि रू. १६ करोड १२ लाखको व्यवस्था गरिएको छ । त्रिशुली-सोमदान सडक निर्माणको निमित्त मात्र रू. ६ करोड ५० लाख छुटचाइएको छ । यसरी सडक विकासको निमित्त जम्मा रू. ८५ करोड १६ लाख विनियोजन गरिएको छ । यो रकम चालू वर्षको संशोधित अनुमानको तुलनामा ८७ प्रतिशतले वृद्धि भएको छ ।

४.१० हवाई यातायातको विकासको लागि चालू वर्षको संशोधित अनुमानको तुलनामा दोब्बर वृद्धि गरी जम्मा रू. २६ करोड ६४ लाख छुटचाइएको मध्ये त्रिभुवन विमानस्थलको टर्मिनल कम्प्लेक्स भवन निर्माणार्थ रू. १० करोड ७० लाख, त्रिभुवन विमानस्थलको धावन मार्ग सुदृढीकरणको निमित्त रू. ४ करोड ७१ लाख तथा विभिन्न विमानस्थलहरूमा शौर्य शक्तिमा आधारित संचार उपकरण तथा अन्य विद्युत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपकरण जडान गर्ने कार्यको लागि रू. १ करोड ८४ लाख रहेको छ । पुलहरूतर्फ छुट्याइएको रू. ७ करोड २३ लाखमध्ये झोलुङ्गे पुलहरूका लागि रू. ५ करोड २ लाख परेको छ ।

४.११ उद्योग विकासको निमित्त आगामी वर्षमा छुट्याइएको रू. ४४ करोड ३५ लाखमध्ये हेटौंडा सिमेण्ट कारखाना, भृकुटी कागज कारखाना, गणेश हिमाल जस्ता-शिशा उद्योगको लागि रू. २९ करोड ३६ लाख समावेश गरिएको छ । आगामी आर्थिक वर्षमा घरेलु तथा ग्रामीण उद्योगको विकासको निमित्त जम्मा रू. ८ करोड ३ लाख छुट्याइएको छ । यसबाट अधिराज्यका विभिन्न जिल्लाहरूमा सघन घरेलु तथा ग्रामीण उद्योग विकास कार्यक्रमहरू पनि संचालन गरिने छन् ।

४.१२ खानी तथा भूगर्भतर्फ एरोम्याग्नेटिक सर्वेक्षणबाट सम्भाव्य देखिएका क्षेत्रहरूमा पेट्रोलियमको अन्वेषण गर्ने कार्यको निमित्त रू. ६ करोड ९४ लाख लगायत जम्मा रू. ९ करोड ९० लाख छुट्याइएको छ । यस प्रकार उद्योग तथा खानीको लागि जम्मा रू. ६२ करोड २८ लाख छुट्याइएको छ जुन रकम चालू आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा १५५.३ प्रतिशतले वृद्धि भएको छ ।

४.१३ विद्युत क्षेत्रको विकासको निमित्त आगामी आर्थिक वर्षमा ठूला जल विद्युत् आयोजनामा जस्तै, मर्स्याङदी जल विद्युत् आयोजना, देवीघाट जल विद्युत् आयोजना र कुलेखानी (दोस्रो) आयोजनाहरूका निमित्त रू. ६२ करोड २६ लाख, देशका विभिन्न भागमा विद्युत् प्रसारण लाइन विस्तारको निमित्त रू. १७ करोड ७ लाख र साना जलविद्युत् आयोजनाहरूका निमित्त रू. ५ करोड ३६ लाख समेत गरी जम्मा रू. ९४ करोड ३६ लाख छुट्याइएको छ । यो रकम चालू आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा ५३.५ प्रतिशतले बढी छ ।

४.१४ संचारतर्फ छोटी हुलाक सेवा सुदृढीकरण र विस्तार तथा दूर संचार सम्बन्धी कार्यक्रमको निमित्त रू. ४ करोड २२ लाख छुट्याइएको छ ।

४.१५ अन्य सामाजिक सेवाहरूतर्फ रू. १४ करोड ८७ लाख छुट्याइएको मध्ये प्रसारतर्फ मिडियम वेभ रेडियो प्रसारण कार्यक्रमको लागि रू. ७ करोड १२ लाख, दिपायलमा नयाँ नगर विकास गर्ने कार्यक्रमको अतिरिक्त अन्य नगर विकास आयोजनाहरूका निमित्त रू. ५ करोड ७४ लाख परेको छ । यो रकम चालू आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा ५८.४ प्रतिशतले वृद्धि भएको छ ।

४.१६ शिक्षातर्फ छुट्याइएको रकम मध्ये प्राथमिक शिक्षासम्बन्धी कार्यक्रमको लागि रू. २२ करोड ४० लाख र उच्च शिक्षाको निमित्त रू. ३७ करोड ९ लाख रहेको छ । स्वास्थ्य सेवाको विस्तारको लागि विनियोजन गरिएको जम्मा रकम मध्ये परिवार नियोजनसम्बन्धी कार्यक्रमको लागि रू. ५ करोड २९ लाख, अस्पताल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भवन निर्माणको निमित्त रू. ५ करोड ५८ लाख, सामुदायिक स्वास्थ्य सेवाको लागि रू. ५ करोड ४५ लाख तथा थप औषधी तथा उपकरणको व्यवस्थाको लागि रू. १ करोड ४४ लाख छुट्याइएको छ । खानेपानीतर्फ खानेपानी तथा ढल निकास विभागबाट सञ्चालन हुने कार्यक्रमको लागि रू. २३ करोड ६२ लाख र पञ्चायत तथा स्थानीय विकास कार्यक्रम अन्तर्गत सञ्चालित हुने ग्रामीण खाने पानी आयोजनाको लागि रू. ४ करोड ९० लाख खर्च हुने अनुमान छ ।

४.१७ आगामी आर्थिक वर्षमा देशका विभिन्न भागमा सञ्चालन भएका एकीकृत ग्रामीण विकास आयोजनाहरू अन्तर्गत कृषि, वन, घरेलु, शिक्षा, स्वास्थ्य र स्थानीय विकासका अन्य कार्यक्रमहरूको लागि रू. ४० करोड ४७ लाखको बजेट व्यवस्था गरेको छ ।

४.१८ आगामी आर्थिक वर्षको कूल विकास खर्चलाई विकास क्षेत्र अनुसार पूर्वाञ्चल विकास क्षेत्रमा रू. ८५ करोड ३५ लाख, मध्यमाञ्चल विकास क्षेत्रमा रू. १ अरब ७१ करोड ४५ लाख, पश्चिमाञ्चल विकास क्षेत्रमा रू. ८१ करोड ९३ लाख, मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा रू. ७१ करोड २१ लाख र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा रू. ५१ करोड १० लाख बाँडफाँड गरिएको छ । क्षेत्रगत विभाजन गर्न नमिल्ने आयोजनाहरू तथा जलविद्युत, हवाई तथा उद्योग क्षेत्रका राष्ट्रिय स्तरका वृहत् आयोजनाहरूमा रू. २ अरब ३४ करोड ८४ लाख पर्न आउँदछ ।

४.१९ आगामी आर्थिक वर्षमा आयतर्फ वर्तमान स्रोतबाट जम्मा रू. ३ अरब ५९ करोड २५ लाख प्राप्त हुने अनुमान गरेको छु । यो आय चालू आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा २३ प्रतिशतले वृद्धि हुनेछ । अनुमान गरेको आय सामान्य वृद्धिबाट थप हुन आउने रकमको अलावा प्रशासनिक सुधारबाट थप हुने रकम समेत हिसाब गरिएको छ । कूल आयको अनुमान मध्ये कर राजस्वबाट रू. २ अरब ८८ करोड ८५ लाख अर्थात् ८०.४० प्रतिशत हुने अनुमान छ । कर राजस्वबाट प्राप्त हुने आय मध्ये भन्सार महसूलबाट रू. १ अरब १२ करोड ६० लाख, अन्तः शुल्कबाट रू. ३९ करोड, बिक्री करबाट रू. ७४ करोड र अन्य करहरूबाट रू. ६३ करोड २५ लाख प्राप्त हुने अनुमान छ । कूल आयको १९.६० प्रतिशत प्राप्त हुने गैर कर राजस्व रू. ७० करोड ४० लाख मध्ये सांवा तथा ब्याज र लाभांशबाट रू. ३२ करोड ५५ लाख, वनक्षेत्रबाट रू. ७ करोड ५० लाख र बाँकी अन्य स्रोतबाट रू. ३० करोड ३५ लाख हुने अनुमान गरिएको छ ।

४.२० यसरी साधारण बजेट र विकास बजेट गरी कूल खर्च रू. ९ अरब १८ करोड ७२ लाखमा राजस्वको वर्तमान स्रोतबाट रू. ३ अरब ५९ करोड २५ लाख, अनुदान सहायताबाट रू. १ अरब ६० करोड ८३ लाख, ऋण सहायताबाट रू. २

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अरब १ करोड ९७ लाख प्राप्त हुने रकम घटाउँदा रू. १ अरब ९६ करोड ६७ लाख न्यून हुने अनुमान भएको छ ।

५

अध्यक्ष महोदय,

५.१ आगामी आर्थिक वर्षको आय-व्यय विवरणमा न्यून हुन आएको रकम पूर्ति गर्ने सन्दर्भमा आन्तरिक स्रोतको परिचालन गरी बढी राजस्व संकलन गर्नु परेको छ । विकासको बढ्दो कार्यक्रमको निमित्त पर्याप्त साधन जुटाउने भार नेपाली जनताले वहन गरिनै आएकाछन्। विगत वर्षहरूमा जसरी आन्तरिक स्रोतको परिचालनमा वृद्धि हुँदै आएको छ त्यो वर्तमान पिंढीको विकासप्रतिको आकांक्षा, सत्प्रयास र त्यागको परिचायक हो भन्ने मैले ठानेको छु । थप राजस्वको व्यवस्था गर्न नयाँ करहरूतर्फ सोच्नुभन्दा पहिले राजस्व प्रशासनलाई बढी सक्षम, सुदृढ र सक्रिय गराई वर्तमान कर व्यवस्थाको घेराभित्र पर्नु पर्ने सबै करदाताहरूबाट कर संकलन गर्ने प्रयास जारी राख्नु पर्ने कुरालाई मैले ध्यान दिएको छु । चालू आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा पनि मैले यो कुरा उल्लेख गरेको थिएँ, र यस प्रकारको प्रयासबाट राजस्व संकलनमा सकारात्मक उपलब्धि हासिल भएको तथ्य प्रस्तुत भइसकेको छ। राजस्व प्रशासनको सुदृढीकरणको यो प्रक्रिया अझ जारी नै राख्नु पर्ने आवश्यकता छ। यसरी वर्तमान राजस्वका स्रोतबाट जम्मा रू. ३ अरब ५९ करोड २५ लाख प्राप्त हुने अनुमान छ। करहरूको प्रस्ताव तर्जुमा गर्दा सकेसम्म सर्वसाधारण जनतालाई भार नपर्ने र समाजका सम्पन्न वर्गको उपभोग र आर्थिक क्षमतालाई दृष्टिगत गरी करको भार सामाजिक न्यायको आधारमा विस्तार गर्ने सिद्धान्तलाई अपनाएको छु ।

५.२ यसै प्रसङ्गमा म यो पनि स्पष्ट गर्न चाहन्छु कि करहरूको व्यवस्था बढी राजस्व संकलन गर्ने दृष्टिकोणबाट मात्र तर्जुमा गरिएको छैन । कर व्यवस्थाद्वारा हाम्रो विकास योजनामा निर्धारित प्राथमिकता अनुसार सरकारी तथा निजी क्षेत्रमा लगानीलाई प्रवाहित गराउनु पर्छ, निजी क्षेत्रको दक्षता तथा अग्रसारितालाई प्रोत्साहन दिनुपर्छ, आर्थिक क्षेत्रमा यदाकदा देखिने असंगतिहरूलाई हटाउनुपर्छ, अनावश्यक एवं फजूल खर्चलाई निरूत्साहित गरी राष्ट्रिय बचतलाई वृद्धि गर्नुपर्छ, र यी सम्पूर्ण प्रक्रियामा सामाजिक न्याय प्रतिबिम्बित हुनुपर्छ । यस सम्बन्धमा विभिन्न अवसरहरूमा माननीय सदस्यहरूले औपचारिक वा अनौपचारिक रूपमा दिनु भएको सुझावहरूको साथै उद्योग वाणिज्य संघ संस्थाहरूको समेत प्रतिनिधित्व भएको केन्द्रीय टेरिफ बोर्डको प्रतिवेदन तथा उद्योग वाणिज्य व्यवसायमा संलग्न व्यक्तिहरू एवं विशेषज्ञहरूको सुझावलाई समेत ध्यानमा राखी मैले करको प्रस्ताव तयार गरेको छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.३ अब म पहिले अप्रत्यक्ष करसम्बन्धी प्रस्ताव पेश गर्छु ।

५.४ श्री ५ को सरकारको भन्सार सम्बन्धी नीतिको मुख्य उद्देश्य बढी राजस्व संकलन गर्नु मात्र नभई राष्ट्रिय अर्थतन्त्रको आधारलाई मजबूत बनाउन वैदेशिक व्यापारलाई सही दिशामा प्रवृत्त गराउनु, स्वदेशी उद्योग धन्दालाई आवश्यक संरक्षण र टेवा पुऱ्याउनु, उत्पादनशील क्षेत्रलाई सघाउ पुऱ्याउनु तथा बाहिरबाट आयात गर्नु पर्ने विकास र निर्माणका सामग्रीहरू एवं सर्वसाधारण जनताका उपभोगका वस्तुहरू सुपथ मूल्यमा सुलभ गराउनु हो । तदनुसार भन्सारसम्बन्धी प्रस्तावहरू तर्जुमा गरेको छु ।

५.५ आयात महसूलतर्फ मोटरकार, भिडियो, रेफ्रिजरेटर, शृङ्गारका सामान आदि उच्च विलासिताका वस्तुहरूको आयातमा महसूल वृद्धि गरेको छु ।

५.६ वर्तमान भन्सार महसूल दरबन्दीमा तयारी वस्तुको आयात महसूल कम र त्यसको उत्पादनमा प्रयोग हुने कच्चा माल वा अर्ध तयारी वस्तुको आयात महसूल बढी लाग्ने देखिएकोमा परिवर्तन गरी कच्चा पदार्थको पैठारीमा कम र तयारी वा अर्ध तयारी वस्तुको पैठारीमा बढी महसूल लाग्ने गरी मिलाइएको छ ।

५.७ केही अप्रशोधित वस्तु एवं प्राकृतिक सम्पदाको निकासीमा महसूल बढाएको छु । साथै, स्वदेशी उद्योगबाट उत्पादित वस्तुलाई विदेशी बजारमा प्रतिस्पर्धा गर्न सघाउ पुऱ्याउने उद्देश्यले निर्यात महसूल घटाएको छु ।

५.८ स्वदेशी उद्योगहरूलाई अनुचित विदेशी प्रतिस्पर्धाबाट संरक्षण प्रदान गर्ने उद्देश्यले केही वस्तुहरूको आयातमा नियन्त्रणका साथै भन्सार महसूलमा वृद्धि गरेको छु । तर यसरी स्वदेशी उद्योगलाई संरक्षण प्रदान गर्दा त्यसको उत्पादन क्षमता, अधिराज्यको विभिन्न भागमा बिक्री वितरणको व्यवस्था, उपलब्धिको स्थिति आदि कुरालाई विचार गरी विदेशी वस्तुको आयातलाई स्थानीय जिल्ला, अञ्चल, वा अधिराज्यभर कति क्षेत्रमा नियन्त्रण गर्नु उपयुक्त हुन्छ निर्धारण गरिनेछ ।

५.९ स्वदेशी उद्योगहरूले प्रयोग गर्ने कोरा मालको आयातमा महसूल घटाइएको छ ।

५.१० विभिन्न देशहरूबाट आयात गरिने विकास र निर्माण सामग्रीहरू, औद्योगिक पूंजीगत उपकरणहरू तथा साधारण उपभोगका वस्तुहरूको भन्सार महसूल दरमा भिन्नता रहेकोमा यथासंभव त्यसमा सामन्जस्य ल्याउने क्रममा केही वस्तुहरूको नयाँ दरबन्दी लागू गरेको छु ।

५.११ नेपालका सीमावर्ती बजारहरूलाई गुल्जार राख्ने दृष्टिकोणले यी बजारमा खरीद बिक्री हुने सामानहरूमा लाग्ने निर्यात तथा आयात भन्सार महसूलको दरलाई सहज रूपमा व्यापार प्रक्रियाभित्र खान्न सकिने तथा उपभोक्ताहरूले वहन गर्न सक्नेसम्म मात्रामा सीमित गरिएको छ । साथै, भारतबाट ए. आर. वन फाराम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तरगत मालसामान पैठारी गर्न प्रोत्साहन गरिएको छ जसले गर्दा पैठारी महसूल नलाग्ने एवं थोरै मात्र सरचार्ज लाग्ने व्यवस्था अनुसार सुपथ मूल्यमा सामानहरूको उपलब्धिमा वृद्धि हुनेछ ।

५.१२ यहाँ उल्लेख गरिएको परिवर्तनहरू बाहेक अरू भन्सार महसूलको दरबन्दी यथावत कायम राखिएको छ ।

५.१३ उपर्युक्त परिवर्तनहरू गरिएका भन्सार महसूलको विवरण अनुसूची १, २, ३ र ४ मा दिइएको छ ।

५.१४ मैले प्रस्तुत गरेको भन्सार महसूलको दर परिवर्तनबाट रू. १८ करोड थप राजस्व प्राप्त हुने अनुमान छ ।

५.१५ अन्तःशुल्कतर्फ, देशको औद्योगिकरणको प्रक्रियालाई सघाउ पुऱ्याउने एवं उत्पादन वृद्धि गर्ने दृष्टिकोणले बढी उत्पादन गर्ने तोकिएको उद्योगलाई केही थप सहूलियत दिने व्यवस्था गरेको छु । यस व्यवस्था अनुसार गत तीन वर्षमा गरेको सबभन्दा बढी उत्पादन वा उद्योगको स्थापित क्षमताको ५० प्रतिशत प्रयोगबाट हुने उत्पादन जुन बढी हुन्छ त्यसलाई आधार मानी त्यस भन्दा जति प्रतिशत बढी उत्पादन हुन्छ त्यसमा लाग्ने अन्तः शुल्कमा त्यतिनै प्रतिशत छूट दिइनेछ ।

५.१६ विशेषतः ग्रामीण र दुर्गम क्षेत्रमा स्थापना हुने भएकोले क्रुड आयलबाट संचालन हुने बढीमा ३० बी. एच. पी. शक्तिसम्मका चामल तथा तेल मिललाई लाग्ने अन्तःशुल्कमा ३० प्रतिशत छूट दिएको छु ।

५.१७ कृत्रिम रेशामा आधारित होजियरी उद्योग तथा स्टिल फर्निचर उद्योगको प्रतिस्पर्धात्मक स्थितिमा सुधार ल्याउन वर्तमान दर घटाई ५ प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था गरेको छु ।

५.१८ स्वदेशमा उत्पादन हुन थालेको रेक्टिफाइड स्पिरिट औषधिमा, औषधि उत्पादन गर्ने उद्योग र अन्तः शुल्क लाग्ने वस्तु उत्पादन गर्ने उद्योगहरूले प्रयोग गर्ने भएमा प्रति लिटर रू. २। अन्तःशुल्क लाग्ने व्यवस्था गरेको छु ।

५.१९ खाँडसारी चिनीको माग र बजारभाउलाई दृष्टिगत गरी त्यसको अन्तः-शुल्कमा वृद्धि गरी प्रति क्विण्टल रू. ३०।– गरेको छु ।

५.२० स्वदेशमा हुने सिमेण्टको उत्पादन देशको कूल खपतको दाँजोमा एउटा सानो अंश मात्र भएकोले अन्तर्राष्ट्रिय बजारबाट ठूलो परिमाणमा सिमेण्ट आयात भइरहेछ । तर मूल्य कम भएको कारणबाट स्वदेशी सिमेण्टको मागको चाप अत्यधिक छ । आयात भएको सिमेण्ट र स्वदेशी सिमेण्टको बजारभाउलाई दृष्टिगत गरी आपूर्तिलाई बढी व्यवस्थित गर्नु वाञ्छनीय भएकोले सिमेण्टको अन्तःशुल्क प्रति मेट्रिक टन रू. ३२०।– कायम गरेको छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.२१ चुरोट, मदिरा जस्ता वस्तुमा लागेको अन्तःशुल्कको दरमा वृद्धि गरी नयाँ दर कायम गरेको छु ।

५.२२ अन्तःशुल्कलाई वैज्ञानिक आधारमा मिलाउँदै जाने क्रममा केही वस्तुहरूको अन्तःशुल्क परिमाणगत आधारबाट मूल्यगत आधारमा परिवर्तन गरिएको छ । यसबाट मूल्यमा वृद्धि हुने छैन ।

५.२३ अन्तःशुल्कमा भएको परिवर्तनहरू अनुसूची ५ मा उल्लेख गरेको छु । अन्तःशुल्कका अन्य दरबन्दीहरू साबिकबमोजिम कायम राखेको छु ।

५.२४ अन्तःशुल्कका प्रस्तावित दर परिवर्तनहरूबाट रू. ४ करोड थप राजस्व प्राप्त हुने अनुमान छ ।

५.२५ बिक्रीकरतर्फ, बिक्रीकर लाग्ने वस्तुहरूको हालको वर्गीकरणमा परिवर्तन गरी १, ५, १०, १५ र २० प्रतिशतका दरले बिक्रीकर लाग्ने गरी पाँच वर्गमा छुट्याइएको छ । यस अनुसार छापाखानाले छपाइमा प्रयोग गर्ने वस्तु र निर्माण विकास काममा प्रयोग हुने अलकत्रा तथा बिटुमिन आदिमा एक प्रतिशत मात्र बिक्रीकर लाग्ने र कार, भिडिओ, रेफ्रिजरेटर आदि उच्च विलासिताका वस्तुमा बीस प्रतिशत बिक्रीकर लाग्ने व्यवस्था गरेको छु । साथै, अप्रशोधित, अर्धप्रशोधित, आवश्यक तथा उपभोगका केही वस्तुमा लाग्ने बिक्रीकरको दर घटाएको छु ।

५.२६ औद्योगिक व्यवसाय ऐन अनुसार बिक्रीकर छूट नपाउने गरी तोकिएका उद्योग बाहेक अन्य सबै स्वदेशी उद्योगहरूको उत्पादनमा लाग्ने बिक्रीकरमा २५ प्रतिशत छूट दिने व्यवस्था गरेको छु ।

५.२७ देशको आर्थिक तथा सामाजिक विकासको लागि स्वस्थ पत्रकारिताको भूमिका महत्त्वपूर्ण हुन्छ । तसर्थ, प्रेस उद्योगलाई दिई आएको सुविधालाई यथावत राखी प्रेसमा प्रयोग हुने मसी, अखबार छाप्ने कागज, तस्वीरको ब्लक बनाउँदा प्रयोग गरिने पलाट फिल्ममा १ प्रतिशत मात्र बिक्रीकर लाग्ने व्यवस्था गरेको छु ।

५.२८ बिक्रीकरको परिवर्तित दर अनुसूची ६ मा दिइएको छ । सो बाहेकका अन्य बिक्रीकरका दरहरू यथावत राखेको छु ।

५.२९ प्रस्तावित परिवर्तनबाट रू. १० करोड थप राजस्व प्राप्त हुने अनुमान छ ।

५.३० विगत योजनाहरूमा विकासका लागि पूर्वाधारहरूको सिर्जना गर्न प्राथमिकता दिइएकोले ठूलो लगानी लगाई राजमार्गहरूको निर्माण भएका छन् । निर्माण सम्पन्न भएका राजमार्ग तथा पुलहरूको सम्भार मर्मतको लागि पनि वर्षेपिच्छे ठूलो रकम खर्च गर्नु परेको छ । अर्कोतिर, अधिराज्यको विभिन्न भागमा, खास गरी ग्रामीण क्षेत्रमा, सडकहरूको निर्माणको लागि पर्याप्त खर्चको व्यवस्था नगरी भएको छैन । यस स्थितिमा निर्माण सम्पन्न भएका राजमार्गको तथा पुलहरूको सम्भारको निमित्त

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर्च जुटाउने सिलसिलामा सडक प्रयोग गर्ने मोटर मोटरसाइकल, स्कूटर, टेम्पो, ट्र्याक्टर, ट्रक, बस, आदि सरकारी बाहेक अन्य सवारीहरूलाई निम्नलिखित छूटको व्यवस्थासहित सडक, पुल सम्भार कर लगाउने प्रस्ताव गरेको छु ।

| कर संकलन गर्ने स्थान | छूट पाउने सवारीहरू |
|---|---|
| (१) महेन्द्र राजमार्ग, कन्काई पुल | मेची र कोशी अञ्चलमा दर्ता भएका सवारी साधनहरू |
| (२) महेन्द्र राजमार्ग, कमला पुल | सगरमाथा र जनकपुर अञ्चलमा दर्ता भएका सवारी साधनहरू |
| (३) महेन्द्र राजमार्ग, बागमती पुल | जनकपुर र नारायणी अञ्चलमा दर्ता भएका सवारी साधनहरू |
| (४) महेन्द्र राजमार्ग राप्ती पुल (हेटौंडा) | नारायणी अञ्चलमा दर्ता भएका सवारी साधनहरू |
| (५) महेन्द्र राजमार्ग, नारायणी पुल (चालू भएपछि) | नारायणी र लुम्बिनी अञ्चलमा दर्ता भएका सवारी साधनहरू |
| (६) पृथ्वी राजमार्ग, त्रिशुली पुल (मुगलिङ्ग) | गण्डकी अञ्चलमा दर्ता भएका सवारी साधनहरू |

कर दस्तूर (प्रत्येक पटक यात्राको लागि)

| | |
|---|---|
| (१) मोटरसाइकल, स्कूटर, टेम्पो | रू. ११५० |
| (२) कार, जीप, पिकअप, भ्यान, ट्र्याक्टर | रू. ७।– |
| (३) मिनी बस | रू. १०।– |
| (४) बस, ट्रक | रू. १५।– |

राजमार्गमा एकभन्दा बढी स्थानमा लाग्ने सम्भार कर सबै स्थानको लागि शुरू स्थानमै तिर्न सकिनेछ ।

५.३१ यो करबाट थप रू. १ करोड ५० लाख राजस्व प्राप्त हुने अनुमान छ ।

अध्यक्ष महोदय,

अब म प्रत्यक्ष करसम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५.३२ आयकरतर्फ, वार्षिक रू. पाँच लाखसम्मको आयमा लाग्ने आयकरमा कुनै परिवर्तन नगरी रू. पाँच लाखभन्दा बढी वार्षिक आयमा लाग्ने आयकरको दर ५० प्रतिशतबाट वृद्धि गरी ५५ प्रतिशत गरेको छु ।

५.३३ आयकर निर्धारण गर्ने विधिलाई बढी तथ्यमा आधारित बनाउन व्यापारीहरूलाई आफ्नो कारोवारको हिसाब किताब नियमित रूपमा राख्न प्रोत्साहन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

होस् भन्ने उद्देश्यले हिसाब किताबको आधारमा निर्धारण हुने आयकरमा हाल दिई आएको छूट २ प्रतिशतलाई बढाई ३ प्रतिशत गरेको छु ।

५.३४ न्यूनतम ग्यारेण्टी रकम कबूल गरी संचालन भएका मदिराका डिष्टीलरीहरूबाट आयकर नियमित रूपले असूल होस् भन्ने दृष्टिकोणले त्यस्ता डिष्टीलरीले कबूल गरेको न्यूनतम ग्यारेण्टी रकम वा अन्तःशुल्क तिरेको रकम जुन बढी हुन्छ त्यसको २५ प्रतिशत खूद आय कायम गरी कर निर्धारण गर्ने व्यवस्था गरेको छु ।

५.३५ निक्षेपकर्ताले वाणिज्य बैंकहरूमा राखेको मुद्दती निक्षेपमा पाउने व्याजमा पाँच प्रतिशतका दरले अग्रिम कर कट्टी गर्ने व्यवस्था भइरहेकोमा यसबाट स-साना निक्षेपकर्तालाई कठिनाई परेको महसूस गरी वार्षिक रू. पाँच हजारसम्मको मात्र व्याज आर्जनमा अग्रिम कर कट्टी नगर्ने व्यवस्था गरेको छु । निक्षेप व्याजकरको अरू व्यवस्था साबिकबमोजिम नै कायम गरेको छु ।

५.३६ उपर्युक्त आय र व्याजकरको दरहरू परिवर्तन गरिएकोबाट रू. ६ करोड थप राजस्व प्राप्त हुने अनुमान छ ।

५.३७ होटल करतर्फ, हाल साधारण होटलमा होटल बिलको १० प्रतिशत र तारे होटलमा १२ प्रतिशत होटल कर लागि आएकोमा अब त्यसलाई परिवर्तन गरी निम्नबमोजिम होटल कर लाग्ने व्यवस्था गरेको छु ।

| | | | |
|---|---|---|---|
| (१) | साधारण होटलमा | होटल बिलको | १० प्रतिशत |
| (२) | २ तारे सम्मको " | " | १२ प्रतिशत |
| (३) | ३ तारे सम्मको " | " | १३ प्रतिशत |
| (४) | ४ तारे सम्मको " | " | १४ प्रतिशत |
| (५) | ५ तारे सम्मको " | " | १५ प्रतिशत |

यसबाट राजस्वमा रू. ५० लाख थप प्राप्त हुने अनुमान छ ।

५.३८ आन्तरिक हवाई उडान कर दुर्गम पहाडी स्थानमा बाहेक अन्य सबै आन्तरिक उडानमा प्रति व्यक्ति रू. १५।– लागि आएकोमा दुर्गम स्थानको लागि दिइएको छूटलाई कायम राखी सार्वजनिक सडक परिवहनको राम्रो सुविधा प्राप्त निम्नलिखित स्थानहरूमा आन्तरिक हवाई सेवाद्वारा एक ठाउँबाट अर्को ठाउँमा जाँदा हवाई उडान कर रू. २५।– प्रति व्यक्ति लगाउने प्रस्ताव गरेको छु ।

(१) भद्रपुर, (२) विराटनगर, (३) राजविराज, (४) जनकपुर, (५) सिमरा, (६) भरतपुर, (७) पोखरा, (८) सिद्धार्थनगर र (९) काठमाडौं

अरू हवाई उडानकरको दर यथावत कायम राखेको छ ।

५.३९ प्रस्तुत परिवर्तनबाट हवाई उडान करमा रू. ५० लाख थप राजस्व प्राप्त हुने अनुमान गरेको छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.४० सवारी साधनहरूलाई निजी र भाडामा लगाइएका दुई छुट्टाछुट्टै किसिममा वर्गीकरण गरी सवारी साधन करको नयाँ दरबन्दी लागू गरेको छ। यस्ता सवारी साधनमा हाल लागी आएको आयकर लाग्नेछैन । सवारी साधन करको दर अनुसूची ७ मा दिइएको छ।

यसबाट रू. ५० लाख राजस्व आम्दानी हुने अनुमान छ।

५.४१ बिक्रीकर र होटल कर परिवर्तित दर अनुसार आजैदेखि लागू हुने र बाँकी आयकर, हवाई उडान कर, सवारी साधन कर, संभार कर र ब्याज कर आगामी आ. व. देखि लागू गरिनेछ।

५.४२ मालपोततर्फ, आगामी आर्थिक वर्षको लागि मालपोत तथा भूमि करको दरमा कुनै परिवर्तन नगरी यथावत नै राखेको छ । साना किसानलाई मालपोतमा सहूलियत दिई छूट दिने व्यवस्था र पहाडी जिल्लाको मालपोत-सम्बन्धी सबै व्यवस्था चालू आर्थिक वर्ष सरह नै कायम राखेको छ।

५.४३ रजिष्ट्रेशन दस्तूरको सम्बन्धमा हालसम्म खरीद गरी लिने व्यक्ति (साहू) बाट मात्र दस्तूर लिइने व्यवस्था छ । बिक्री गर्ने व्यक्ति (आसामी) संग दस्तूर लिने गरिएको छैन । खास गरी नगर पञ्चायतको शहरी क्षेत्रहरूमा सडक, बिजुली, पानी, ढल आदि विकास आयोजनाहरू श्री ५ को सरकारबाट कार्यान्वयन भई आधारभूत सेवाहरू उपलब्ध हुनाको साथै घर जग्गाको मोलमा अप्रत्याशित रूपमा वृद्धि भइरहेको छ। यस किसिमले आफ्नो कुनै खास परिश्रम र लगानी विना नै मूल्य वृद्धिको फाइदा हासिल गर्ने घर जग्गा बिक्री गर्नेबाट पनि लिखत पास गराउँदा केही प्रतिशत रकम असूल गर्नु न्यायोचित देखिन्छ । तसर्थ तोकिएका नगर पञ्चायतका शहरी क्षेत्रका जग्गाको खरीदबिक्रीको लिखत पास गर्दा खरीद गर्ने र बिक्री गर्ने दुवै थरीले अनुसूची ८ मा तोकिए अनुसार दस्तूर रकम बुझाउनु पर्ने व्यवस्था गरेको छ।

५.४४ यो व्यवस्था आगामी आर्थिक वर्षदेखि निम्नलिखित नगर पञ्चायतको शहरी क्षेत्रमा लागू हुनेछ।

(१) भद्रपुर (२) विराटनगर (३) राजविराज (४) लाहान (५) जनकपुर (६) कलैया (७) वीरगन्ज (८) काठमाडौं (९) भक्तपुर (१०) ललितपुर (११) हेटौंडा (१२) भरतपुर (१३) पोखरा (१४) सिद्धार्थनगर (१५) बुटवल (१६) तौलिहवा (१७) नेपालगन्ज (१८) धनगढी (१९) महेन्द्रनगर ।

५.४५ यस प्रयोजनको लागि नगर पञ्चायतको शहरी क्षेत्रको सीमाङ्कन सम्बन्धित नगर पञ्चायतको प्रधानपञ्चको अध्यक्षतामा, प्रमुख जिल्ला अधिकारी, कर कार्यालयको प्रतिनिधि, नापी विभागको प्रतिनिधिहरू सदस्य र मालपोत कार्यालयको प्रमुख सदस्य–सचिव भएको समितिले निर्धारण गर्ने व्यवस्था गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.४६ साथै नगर पञ्चायतको शहरी क्षेत्रको घर जग्गा खरीद बिक्रीको लिखतको थैली बढीमा रु ५,०००।– सम्म भएमा न्यूनतम समदर लाग्ने गरी अनुसूचीमा तोकिए अनुसार दस्तूरमा परिवर्तन गरेको छु । रजिष्ट्रेशन दस्तूर सम्बन्धी अरू व्यवस्था साबिक बमोजिम नै कायम राखेको छु ।

५.४७ उक्त व्यवस्थानुसार रजिष्ट्रेशन दस्तूरको परिवर्तनबाट रू. ४ करोड थप राजस्व प्राप्त हुने अनुमान छ ।

५.४८ स्थानीय विकास शुल्क संकलन गरी सम्बन्धित जिल्ला पञ्चायतलाई उपलब्ध गराउने व्यवस्था यथावत कायम राखेको छु।

५.४९ माथि उल्लेख गरिएका कर प्रस्तावहरूबाट कूल रू. ४५ करोड प्राप्त हुने अनुमान छ। यस प्रकार न्यून हुन आउने रकम रू. ३ अरब ५३ करोड ६३ लाख ७५ हजार मध्ये रू. २ अरब १ करोड ९७ लाख १ हजार विदेशी सहायताअन्तर्गत ऋणको रूपमा प्राप्त हुने र आन्तरिक ऋणबाट रू. १ अरब उठाइने भएकोले खूद न्यून रू. ५१ करोड ६६ लाख ७४ हजार रहन आउँछ ।

५.५० श्री ५ को सरकारको नीति अनुरूप निर्धारित मूल्यमा सरकारी संस्थानहरूले सेवा र सामान उपलब्ध गराउँदा नोक्सानी सहनु पर्ने भई बैङ्कहरूबाट लिएको ऋण तिर्न नसकेकोले बजेटबाट नै यस्तो सांवा ब्याज तिरी दिने व्यवस्था गरिएको छ। यसरी संस्थानहरूको दायित्व पनि श्री ५ को सरकारको व्ययमा थपिएकोले घाटा बढी देखिएको हो। यसबाट मुद्रा प्रदायमा वृद्धि हुने होइन। तथापि यस सम्बन्धमा श्री ५ को सरकार सतर्क रहनेछ भन्ने विश्वास दिलाउन चाहन्छु ।

## ६

अध्यक्ष महोदय,

६.१ संक्षेपमा मैले प्रस्तुत गरेको आय व्ययको विवरणका प्रमुख बूँदाहरू यस प्रकार छन् :

(क) साधनको बाँडफाँड गर्दा कृषि, उद्योग जस्ता उत्पादनशील क्षेत्रका कार्यक्रमहरूलाई प्राथमिकता दिइएको छ। उत्पादनशील क्षेत्रका आयोजनाहरूभित्र पनि विभिन्न कामको लागि रकम छुट्याउँदा उत्पादनसँग प्रत्यक्ष सम्बन्ध भएका कामहरूको निम्ति पर्याप्त रकमको व्यवस्था गरिएको छ । साथै पहिले भएका लगानीहरूबाट बनेका पूर्वाधारको उपयोग गरी छोटो अवधिमा उत्पादनवृद्धि ल्याउन सकिने आयोजना जस्ता कार्यक्रमलाई जोड दिइएको छ ।

(ख) कृषि उद्योग जस्ता उत्पादनशील विकास कार्यक्रमहरूलाई समष्टिरूपमा हेरी यिनीहरूसंग सम्बन्ध भएका अन्य कार्यक्रमहरू पनि समावेश गरी समन्वयात्मक रूपले संचालन गराउने नीति अपनाइएको छ ।

९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) देशको सीमित साधन उद्योग व्यवसाय तथा त्यस्तै उत्पादनशील क्षेत्रमा लगानी नभई विलासिताका वस्तुहरूको आयातमा उपयोग हुने गरेकोले त्यसलाई निरुत्साहित गरी भएका साधनहरू राष्ट्रिय हित अनुकूलका क्रियाकलापमा प्रवाहित गराउने उद्देश्य अनुरूप कर नीति अपनाइएको छ।

(घ) विकास कार्यहरू सबै केन्द्रद्वारा नै संचालित हुन गएमा जनताको भावना तथा आकांक्षा प्रतिबिम्बित हुन नसक्ने तथ्यलाई दृष्टिगत गरी विकास कार्यमा जनसहभागिता परिचालन गर्न स्थानीय नेतृत्वमा जनआकांक्षा अनुकूलका आयोजनाहरू सञ्चालन गर्ने व्यवस्था मिलाइएको र तदनुसार जिल्लाहरूको बिकासको निमित्त बढी साधन उपलब्ध गराइएको छ।

६.२ मैले प्रस्ताव गरेका कदमहरू देशको सम्पूर्ण आर्थिक ढाँचालाई नै वान्छित मोड दिई विकास पथमा अघि बढाउन सक्षम हुनेछन् भन्ने विश्वास लिएको छु। हामीले सर्वसाधारण जनताका आवश्यक खाँचो पूरा गरी पीर र मर्का हटाई उनीहरूमा भविष्य प्रति आस्था र विश्वास जगाई आत्मबलको प्रस्फुटन गर्नु परेको छ। त्यसैले आज हाम्रो विद्यमान आर्थिक तथा सामाजिक विसंगतिहरू निर्मूल पारी अगाडि बढ्नु सिवाय कुनै विकल्प देखिदन। यस परिप्रेक्षमा पञ्च, प्रशासक र उद्यमीहरूले राष्ट्रिय अर्थतन्त्रको आधारशिलालाई सजबूत पार्दै लग्नेतर्फ सदा सजग र सचेत हुनु परेको छ। यही नै आजको राष्ट्रिय आवश्यकता हो।

६.३ सर्वसाधारण जनतामा मनोबलको प्रस्फुटन र आस्थाको संचार गर्न हाम्रा प्रयासहरू जनताका आकाँक्षा र सहभागितातर्फ परिलक्षित गरिनु पर्छ। यसैले मैले यस बजेटलाई जनमुखी बनाउने हरसम्भव प्रयास गरेको छु। स्थानीय नेतृत्व र जनसहभागिताको आधारमा जनआकाँक्षा अनुकूलका आयोजनाहरू संचालन गर्ने व्यवस्था मिलाइएको छ। स्थानीय नेतृत्वको माध्यमबाट संचालन हुने आयोजनाहरूमा केन्द्रबाट प्राविधिक सहायता बाहेक अन्य सबै कार्य संचालन सम्बन्धी काम कुराहरू स्थानीय स्तरमा नै विकेन्द्रित गर्ने परिपाटी बसाल्ने व्यवस्था मिलाएको छु।

अध्यक्ष महोदय,

६.४ सर्वसाधारण जनताको जीवनस्तर उठाउन उत्पादनवृद्धि गर्नु नै एक मात्र उपाय हो भनी मैले अघि पनि उल्लेख गरिसकेको छु। तसर्थ स्थापना भै सकेको आधारशिलाहरूको अधिकतम उपयोग गरी कृषि उद्योग जस्ता क्षेत्रमा उत्पादन वृद्धि गर्नेतर्फ जोड दिएको छु। त्यसको लागि आवश्यक रकम र अन्य सहयोगको व्यवस्था गरेको छु। यस व्यवस्थाबाट उत्पादनमा निश्चय नै वृद्धि हुनेछ भन्ने मेरो विश्वास छ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अध्यक्ष महोदय,

६.५ भौगोलिक विषमताले पिछडिन पुगेको दुर्गम र कुना काप्चाका क्षेत्रमा पनि विकासको लहर समानुपातिक ढंगले पुऱ्याउनु परेको छ। मैले प्रस्तुत गरेको बजेटमा सुदूर पश्चिमान्चलको स्थितिलाई हेरी विशेष रूपले थप आयोजना र रकमको व्यवस्था मिलाएको छु। यसै गरी दुर्गम क्षेत्रको विकासको निमित्त स्थानीय विकास र एकीकृत ग्रामीण विकास मार्फत हुने आयोजनाहरूलाई पनि प्राथमिकता साथ कार्यान्वियन गर्ने व्यवस्था गरिएको छ।

६.६ मैले आगामी वर्षको बजेट तर्जुमा गर्दा विकास कार्यमा सरकारी क्षेत्रको लगानीलाई मात्र आधार नबनाएर निजी क्षेत्रलाई समेत पर्याप्त लगानीको वातावरण प्रदान गर्ने उद्देश्य राखेको छु। नयाँ औद्योगिक नीति र भरखरै जनसमक्ष ल्याएको व्यापारनीतिको लक्ष पनि यही नै हो। निजी क्षेत्रको लगानी बढाउने कार्यमा बैंक तथा वित्तीय संस्थानहरूले पुऱ्याउन सक्ने सघाउलाई ध्यानमा राखी आगामी वर्षदेखि उत्पादक क्षेत्र तर्फ ऋणको प्रवाह बढाउन वित्तीय संस्थानहरूलाई सक्षम तथा प्रभावकारी बनाउने नयाँ दृष्टिकोण अपनाएको छु। साथै प्राथमिकता प्राप्त क्षेत्र अन्तरगत प्रदान गरिने कर्जा रकमको दुरूपयोग हुन नदिन यसको प्राविधिक पक्ष र सुपरिवेक्षणलाई बढी प्रभावकारी बनाउने कदम चालेको छु। जनस्तरमा कृषि कर्जाको आवश्यकता पूर्ति गर्न तथा कृषि उपजको खरीद बिक्री गर्न ग्रामीण अर्थतन्त्रको मेरूदण्डको रूपमा साझा संस्थाहरूलाई सक्रिय तुल्याउन आवश्यक व्यवस्था गरेको छु। मैले अपनाउन लागेका यी कदमहरूले आगामी वर्षहरूमा निश्चय नै अर्थ व्यवस्थालाई राष्ट्रिय आवश्यकता अनुकूल नयाँ मोड दिन समर्थ हुनेछ भन्ने मलाई लागेको छ।

६.७ श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रिय पञ्चायतको तेत्तीसौं अधिवेशनलाई सम्बोधन गरिबक्सँदै हुकुम भएको छ "अब हाम्रो सामु सबै भन्दा ठूलो चुनौती आर्थिक विकासको छ।" आजको परिवर्तित स्थिति र सन्दर्भको लाभ उठाएर आर्थिक विकास सम्बन्धी कार्यक्रमहरूलाई तीव्र गतिले अगाडि बढाउन अब हामी सबै निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका व्यापक र दरिला आधारमा राष्ट्रिय विकासको महान अभियानमा समर्पित होऔं। यो नै आज हामी सबैको कर्तव्य हुन आएको छ। जनमत संग्रह पछि नेपालीहरूमा बढ्न गएको मनोबलका सबल स्तम्भहरूमा नयाँ सम्पन्न समाजको स्थापना गर्न तर्जुमा गरिएका विशेष कार्यक्रमको सफलताको लागि आवश्यक साधनको व्यवस्था गरिएको छ। यसको सफल कार्यान्वियनबाट आउँदो आर्थिक वर्षमा हामी विकासका नयाँ खुडकिलाहरू उक्लिँदै जनजीवनमा सकारात्मक प्रभाव पार्न सक्षम हुनेछौं भन्ने मलाई विश्वास छ। माननीय सदस्यहरूबाट प्राप्त व्यापक सहयोग र विश्वास नै मेरो लागि ठूलो हौसला र प्रेरणाको स्रोत हुन आएको छ र भविष्यमा पनि यस्तै सहयोग र सद्भावना प्राप्त हुने आशा लिएर म आफ्नो बजेट वक्तव्य यहीं नै टुंग्याउँछु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# आय व्ययको विवरण

रू. हजारमा

| २०३७।३८को यथार्थ | विवरण | २०३८।३९को संशोधित अनुमान | २०३९।४०को अनुमान |
|---|---|---|---|
| ४,०९,२२,६४ | कुल खर्च | ५,७८,३१,५९ | ९,१८,७२,०३ |
| १,३६,११,८५ | साधारणतर्फ | १,७०,९४,०० | २,२२,८४,४८ |
| २,७३,१०,७९ | विकासतर्फ | ४,०७,३७,५९ | ६,९५,८७,५५ |
| | खर्च व्यहोर्ने स्रोतहरू | | |
| २,४१,९१,७२ | राजस्वबाट | २,९२,०९,१८ | ४,०४,२५,०० |
| | आयको वर्तमान स्रोतबाट | | ३,५९,२५,०० |
| | कर परिवर्तनबाट | | ४५,००,०० |
| ८६,८९,१४ | विदेशी सहायता (अनुदान) | ९५,४७,३० | १,६०,८३,२८ |
| ७०,७१,१८ | द्वि पक्षीय | ७८,९९,५० | १,२७,७३,०४ |
| १६,१७,९६ | बहु पक्षीय | १६,४७,८० | ३३,१०,२४ |
| –८०,४१,७८ | बचत (+) वा न्यून (–) | –१,९०,७५,११ | –३,५३,६३,७५ |
| | न्यून पूर्तिगर्ने स्रोतहरू | | |
| ६९,३३,२३ | विदेशी सहायता (ऋण) | १,१०,४२,६१ | २,०१,९७,०१ |
| १५,१०,४० | द्वि पक्षीय | १३,३७,५९ | २५,६७,७० |
| ५४,२२,८३ | बहु पक्षीय | ९७,०५,०२ | १,७६,२९,३१ |
| २५,००,०० | आन्तरिक ऋण | ५०,००,०० | १,००,००,०० |
| (–)१३,९१,४५ | नगद मौज्दात (बचत–) | ३०,३२,५० | ५१,६६,७४ |

आधिकारिकमा मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राजस्व अनुमान
## २०३९।४०

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|
| | | कुल जम्मा | ३,५९,२५,०० | ४५,००,०० | ४,०४,२५,०० |
| १.१.१.० | भन्सार महसूल | | १,१२,६०,०० | १८,००,०० | १,३०,६०,०० |
| १.१.१.१ | | पैठारीबाट | ९९,००,०० | १०,६०,०० | १,०९,६०,०० |
| १.१.१.२ | | निकासीबाट | ८,३०,०० | ४,००,०० | १२,३०,०० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | ५,२०,०० | ३,००,०० | ८,२०,०० |
| १.१.१.४ | | भन्सारको अन्य आय | १०,०० | ४०,०० | ५०,०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | १,२६,७०,०० | १६,५०,०० | १,४३,२०,०० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ३७,००,०० | ४,००,०० | ४१,००,०० |
| १.१.२.२ | | मद्‌भट्टी ठेक्का रकम | २,००,०० | × | २,००,०० |
| १.१.२.३ | | बिक्री कर | ७४,००,०० | १०,००,०० | ८४,००,०० |
| १.१.२.४ | | मनोरञ्जन कर | २,००,०० | × | २,००,०० |
| १.१.२.६ | | होटल कर | ३,२०,०० | ५०,०० | ३,७०,०० |
| १.१.२.७ | | हवाई उडान कर | ३,००,०० | ५०,०० | ३,५०,०० |
| १.१.२.८ | | ठेक्का कर | ५,५०,०० | × | ५,५०,०० |
| १.१.२.९ | | सडक पुल संभार कर | × | १,५०,०० | १,५०,०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | २०,००,०० | ४,००,०० | २४,००,०० |
| १.१.३.१ | | माल तथा मालपोत कार्यालयबाट उठाइने | ८,००,०० | × | ८,००,०० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तूर | १२,००,०० | ४,००,०० | १६,००,०० |
| १.१.४.० | आय,नाफा र सम्पत्ति कर | | २९,५५,०० | ६,५०,०० | ३६,०५,०० |
| १.१.४.१ | | आयकर-सरकार क्षेत्र | ५,००,०० | १,००,०० | ६,००,०० |
| १.१.४.३ | | आयकर-अर्धसरकारी क्षेत्र | २,००,०० | ५०,०० | २,५०,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.४.३ | | आयकर-सार्वजनिक क्षेत्र | २५,०० | ५०,०० | ७५,०० |
| १.१.४.४ | | आयकर-निजी क्षेत्र | १८,००,०० | ४,००,०० | २२,००,०० |
| १.१.४.५ | | आयकर-पारिश्रमिक | ९०,०० | × | ९०,०० |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | २,००,०० | × | २,००,०० |
| १.१.४.८ | | सवारी साधन कर | ५०,०० | ५०,०० | १,००,०० |
| १.१.४.९ (क) | | व्याजकर | ९०,०० | × | ९०,०० |
| १.१.५.० | दस्तूर, दण्ड जरीवाना र जफत | | ६,३५,०० | × | ६,३५,०० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तूर | ३५,०० | × | ३५,०० |
| १.१.५.३ | | बन्दूक, पिस्तोल रजिष्ट्रेशन दस्तूर | १०,०० | × | १०,०० |
| १.१.५.४ | | सवारी इजाजत दस्तूर | ४०,०० | × | ४०,०० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | १,००,०० | × | १,००,०० |
| १.१.५.६ | | प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत | ४,५०,०० | × | ४,५०,०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय | | २३,२०,०० | × | २३,२०,०० |
| १.१.६.१ | | पिउने पानी महसूल | १०,०० | × | १०,०० |
| १.१.६.२ | | पानीपोत | ४०,०० | × | ४०,०० |
| १.१.६.३ | | विद्युत महसूल | २,००,०० | × | २,००,०० |
| १.१.६.४ | | हुलाक सेवा | ४,५०,०० | × | ४,५०,०० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | १,००,०० | × | १,००,०० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | ४०,०० | × | ४०,०० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ७,५०,०० | × | ७,५०,०० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ३,००,०० | × | ३,००,०० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ४,३०,०० | × | ४,३०,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रु. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.७.० | लाभाँश | | १६,३५,०० | × | १६,३५,०० |
| १.१.७.१ | | वित्तीय संस्था | १५,५०,०० | × | १५,५०,०० |
| १.१.७.२ | | व्यापारिक संस्था | १०,०० | × | १०,०० |
| १.१.७.३ | | औद्योगिक संस्था | ५०,०० | × | ५०,०० |
| १.१.७.४ | | सेवामूलक संस्था | २५,०० | × | २५,०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | | १,८०,०० | × | १,८०,०० |
| १.१.८.१ | | खानी रोयल्टी | ५,०० | × | ५,०० |
| १.१.८.३ | | अन्य रोयल्टी | २५,०० | × | २५,०० |
| १.१.८.४ | | अन्य बिक्री | १,५०,०० | × | १,५०,०० |
| १.१.८.० | (क) टकमरी तथा तक्सारको अन्य आय | | ४,००,०० | × | ४,००,०० |
| १.१.८.५ | | टकमरी | ३,५०,०० | × | ३,५०,०० |
| १.१.८.६ | | टक्सारको अन्य आय | ५०,०० | × | ५०,०० |
| १.१.९.० | साँवा र ब्याज | | १६,२०,०० | × | १६,२०,०० |
| १.१.९.१ | | साँवा-कम्पनी र संस्थानहरूबाट | ११,००,०० | × | ११,००,०० |
| १.१.९.२ | | ब्याज कम्पनी र संस्थानहरूबाट | ५,००,०० | × | ५,००,०० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | २०,०० | × | २०,०० |
| १.१.९.० | (क) विविध आय | | २,५०,०० | × | २,५०,०० |
| १.१.९.४ | | विविध आय | २,५०,०० | × | २,५०,०० |

मुद्रण विभाग

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# आर्थिक वर्ष २०३७।३८ को यथार्थ र २०३८।३९ को संशोधित अनुमान
## (राजस्व)

रु. हजारमा

| सङ्केत | शीर्षक | उप-शीर्षक | २०३७।३८ को यथार्थ | २०३८।३९ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कुल जम्मा | २,४१,११,७२ | २,९२,०९,१८ |
| १.१.१.० | भन्सार महसूल | | ८१,५८,३८ | ९७,४६,०० |
| १.१.१.१ | | पैठारीबाट | ६८,५१,४० | ८५,८३,०० |
| १.१.१.२ | | निकासीबाट | ६,९४,५७ | ८,१२,०० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | ५,८१,४६ | ३,४३,०० |
| १.१.१.४ | | भन्सारको अन्य आय | ३०,९५ | ८,०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | ८६,६७,५२ | १,०५,३०,०० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तः शुल्क | २२,४७,१७ | ३१,००,०० |
| १.१.२.२ | | मद्भट्टी ठेक्का रकम | १,७४,६८ | ८०,०० |
| १.१.२.३ | | बिक्री कर | ५३,७६,६१ | ६३,००,०० |
| १.१.२.४ | | मनोरञ्जन कर | १,१९,८१ | १,५०,०० |
| १.१.२.६ | | होटेल कर | १,७४,४२ | २,५०,०० |
| १.१.२.७ | | हवाई उडान कर | २,०५,५० | २,५०,०० |
| १.१.२.८ | | ठेक्का कर | ३,६९,३३ | ४,००,०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | १८,६३,४३ | १८,००,३० |
| १.१.३.१ | | माल तथा मालपोत कार्यालयबाट उठाइने | १०,०७,४७ | ७,७५,८० |
| १.१.३.२ | | पञ्चायत विकास तथा जग्गाकर (बक्यौता) | ४१,५१ | १२,३० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तूर | ७,७८,२५ | १०,१२,२० |
| १.१.३.४ | | स्थानीय विकास शुल्क | ३६,२० | — |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | २०३७।३८ को यथार्थ | २०३८।३९ को संशोधित अनुमान |
|---|---|---|---|---|
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | १६,६७,९१ | २२,२५,०० |
| १.१.४.१ | | आयकर-सरकारी क्षेत्र | ४,१०,११ | ३,६०,०० |
| १.१.४.२ | | आय कर-अर्ध सरकारी क्षेत्र | ७,९९ | १,२०,०० |
| १.१.४.३ | | आय कर-सार्वजनिक क्षेत्र | ९,७८ | २०,०० |
| १.१.४.४ | | आय कर-निजी क्षेत्र | ९,१३,८७ | १४,००,०० |
| १.१.४.५ | | आय कर-पारिश्रमिक | ९७,८३ | ७५,०० |
| १.१.४.६ | | घर बहाल कर | ११,११ | ५,०० |
| १.१.४.७ | | शहरी क्षेत्र घर जग्गा कर | ६५,५२ | १,४५,०० |
| १.१.४.८ | | सवारी साधन कर | १७,७१ | २५,०० |
| १.१.४.९ | | फर्जा कर | २,१० | — |
| १.१.४.९ (क) | | ब्याज कर | १,३१,८९ | ७५,०० |
| १.१.५.० | दस्तूर, दण्ड जरीवाना र जफत | | ४,८६,८७ | ५,४८,०८ |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तूर | २७,०२ | ३०,०० |
| १.१.५.२ | | ऐजेन्सी रजिष्ट्रेशन दस्तूर | ५ | ८ |
| १.१.५.३ | | बन्दूक, पिस्तोल, रजिष्ट्रेशन दस्तूर | ६,५० | ८,०० |
| १.१.५.४ | | सवारी इजाजत दस्तूर | २८,२३ | ३५,०० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | ७६,२४ | ८५,०० |
| १.१.५.६ | | प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत | ३,४८,८३ | ३,९०,०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय | | १७,१९,४६ | २०,६४,५० |
| १.१.६.१ | | पिउने पानी महसूल | ६,३६ | ६,०० |
| १.१.६.२ | | पानी पोत | ५,४० | १०,०० |
| १.१.६.३ | | विद्युत् महसूल | ८२,२९ | ९०,०० |
| १.१.६.४ | | हुलाक सेवा | २,०९,४१ | २,७५,०० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | ७३,७८ | ७०,०० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | ३२,३६ | ३३,५० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ९,०५,०८ | १०,००,०० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | २,५३,३६ | २,६०,०० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | १,५१,४२ | ३,२०,०० |

१६६

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | २०३७।३८ को यथार्थ | २०३८।३९ को संशोधित अनुमान |
|---|---|---|---|---|
| १.१.७.० | लाभाँश | | ८,७३,०२ | ११,२५,०० |
| १.१.७.१ | | वित्तीय संस्था | ८,३८,९३ | ११,००,०० |
| १.१.७.२ | | व्यापारिक संस्था | १,१८ | १,०० |
| १.१.७.३ | | औद्योगिक संस्था | ३२,१९ | २३,०० |
| १.१.७.४ | | सेवामूलक संस्था | ७२ | १,०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | | ७९,९२ | १,१२,३० |
| १.१.८.१ | | खानी रोयल्टी | १२,७५ | ३,३० |
| १.१.८.२ | | विद्युत् रोयल्टी | १,५३ | — |
| १.१.८.३ | | अन्य रोयल्टी | १५,८९ | १९,०० |
| १.१.८.४ | | अन्य बिक्री | ४९,७५ | ९०,०० |
| १.१.८.० | (क) टकमरी तथा टकसारको अन्य आय | | २,१३,३४ | ७५,०० |
| १.१.८.७ | | टकमरी | १,८७,१९ | ५०,०० |
| १.१.८.८ | | टकसारको अन्य आय | २६,१५ | २५,०० |
| १.१.९.० | साँवा र ब्याज | | ३,००,६४ | ७,६३,०० |
| १.१.९.१ | | साँवा-कम्पनी र संस्थानहरूबाट | १,६५,२० | ५,५०,०० |
| १.१.९.२ | | ब्याज-कम्पनी र संस्थानहरूबाट | १,२४,८२ | २,००,०० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | १०,६२ | १३,०० |
| १.१.९.० | (क) विविध आय | | १,६१,२३ | २,२०,०० |
| १.१.९.४ | | विविध आय | १,६१,२३ | २,२०,०० |

मुद्रण विभाग, सिंहदरबार

२६७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# व्यय अनुमान
## (साधारण बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान | शीर्षक | २०३७।३८ को यथार्थ | २०३८।३९ को संशोधित अनुमान | २०३९।४० को अनुमान |
|---|---|---|---|---|---|
| १ संवैधानिक अङ्ग | १–१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ९७,४२ | १,२३,३७ | १,५८,६३ |
| | १–२ | राजसभा | ५,७० | ८,०० | १४,२६ |
| | १–३ | राष्ट्रिय पञ्चायत | ४२,१५ | ५२,०० | ९८,१९ |
| | १–४ | महालेखा परीक्षकको विभाग | ४२,७९ | ४८,०० | ६४,६६ |
| | १–५ | सर्वोच्च अदालत | १४,७५ | २५,३० | ५०,२९ |
| | १–६ | लोक सेवा आयोग | ३५,०५ | ४७,२७ | ७८,६३ |
| | १–७ | निर्वाचन आयोग | ३,६८,१० | ३,१२,०० | ५०,३१ |
| | १–८ | अख्तियार दुरुपयोग निवारण आयोग | ७,१६ | ९,२० | ९,९० |
| | १–९ | महान्यायाधिवक्ताको कार्यालय | ५,८२ | ७,४० | २९,२५ |
| | १–१० | पञ्चायत नीति तथा जाँचबुझ समिति | – | – | ४७,३९ |
| | – | गाउँफर्क राष्ट्रिय अभियान | ५० | – | – |
| २ साधारण प्रशासन | २–१ | मन्त्रिपरिषद् | २६,१५ | ३७,६० | ५०,०० |
| | २–२ | श्री ५ को सरकारको सचिवालय | २,५९,०८ | ३,२२,०० | ४,१४,६१ |
| | २–३ | जिल्ला प्रशासन | २,३९,८२ | ३,१८,०० | ३,८७,८३ |
| | २–४ | प्रहरी | १४,५७,२३ | १६,५४,६० | २१,३६,५५ |
| | २–५ | कारागार | १,४२,५३ | १,८२,२० | २,२५,११ |
| | २–६ | विविध | ६२,०९ | ८४,६० | १,०७,२९ |
| | २–७ | प्रशासन सुधार | ६५ | ४,५० | ४,५० |
| | – | संविधान सुधार सुझाव आयोग | १,७४ | – | – |
| ३ राजस्व प्रशासन | ३–१ | मालपोत | १,६६,२६ | २,२२,७० | २,८०,५० |
| | ३–२ | भन्सार | ९९,४० | १,२०,०० | १,६७,०८ |
| | ३–३ | अन्तःशुल्क | ५१,२१ | ६४,६० | ७५,३९ |
| | ३–४ | कर | ३९,९८ | ५१,०० | ६६,३० |
| | ३–५ | राजस्व न्यायाधिकरण | १,६६ | २,०० | २,४० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३७।३८को यथार्थ | २०३८।३९को संशोधित अनुमान | २०३९।४०को अनुमान |
|---|---|---|---|---|---|
| ४ | ४–१ | योजना | ६,६९ | ९,०० | १२,५९ |
| आर्थिक | ४–२ | तथ्याङ्क | ६,६० | ७,७० | ९,८१ |
| प्रशासन र | ४–३ | टक्सार | ६९,०६ | ७३,४० | ८६,११ |
| योजना | ४–४ | महालेखा नियन्त्रक कार्यालय | ४१,९२ | ९३,६० | २,३८,५२ |
| | ४–५ | मेट्रिक नापतौल | ११,११ | १५,४० | २१,२३ |
| ५ | ५–१ | अदालत | १,८२,६७ | २,५७,३० | ३,९६,७१ |
| न्याय प्रशासन | ५–२ | अ. दु. नि. पुनरावेदन अदालत | २,०८ | २,३० | २,६३ |
| ६ | ६–१ | वैदेशिक सेवा | ३,३२,४७ | ४,३४,१५ | ५,८६,५८ |
| वैदेशिक सेवा | ६–२ | विविध | ५५,५५ | ७३,२० | ९८,२८ |
| ७ | ७–१ | रक्षा | २१,१०,३४ | २३,८२,९० | ३४,४९,६१ |
| रक्षा | ७–२ | विविध | ४,७९,१७ | ५,०७,०० | ५,७०,५३ |
| ८ | ८–१ | शिक्षा | ९,८६,१८ | १०,८३,०० | १३,१९,७७ |
| सामाजिक | ८–२ | स्वास्थ्य | ६,५१,९४ | ८,२४,१० | १२,३४,४९ |
| सेवाहरू | ८–३ | पिउने पानी | ३०,८५ | ३८,१० | ६८,३७ |
| | ८–४ | पञ्चायत तथा स्थानीय विकास | २,२५,४७ | ३,४८,१० | ५,९०,८७ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | २,०८,४४ | २,७८,१० | ३,१८,७३ |
| ९ | ९–१ | कृषि | ३४,३३ | ४०,३० | ४९,२७ |
| आर्थिक | ९–२ | सिंचाइ | ३१,९६ | ४२,५० | ५३,४९ |
| सेवाहरू | ९–३ | भूमिसुधार | १,२९,२१ | १,६८,१५ | १,९९,९१ |
| | ९–४ | नापी | ४२,०० | ५३,९५ | ७८,४६ |
| | ९–५ | वन | ४५,८७ | ६०,९० | ८८,०८ |
| | ९–६ | उद्योग तथा खानी | २९,०९ | ३५,१० | ४४,२० |
| | ९–७ | सञ्चार | ३,५६,३९ | ४,६२,०० | ६,४९,९४ |
| | ९–८ | यातायात | ३,६६,३४ | ४,०५,३० | ५,७१,७९ |
| | ९–९ | विद्युत् | ४६,१५ | ५६,४० | ८३,७६ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | २०,५८ | २६,९० | ३५,६९ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३७।३८को यथार्थ | २०३८।३९ को संशोधित अनुमान | २०३९।४० को अनुमान |
|---|---|---|---|---|---|
| १० ऋण तथा लगानी | १०–१ | ऋण र लगानी | १,१२,७४ | १,४३,०० | १,३५,०० |
| ११ साँवा र ब्याज भुक्तानी | ११–१ | साँवा भुक्तानी | ८,६३,०२ | १०,६१,८५ | १०,२०,७० |
| | ११–२ | ब्याज भुक्तानी | १२,९९,४७ | १५,४०,९० | २०,९२,०६ |
| १२ विविध | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ८३,१७ | १,४८,३० | २,००,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | २,१८,१३ | २,२८,४० | ५,०३,२३ |
| | १२–३ | अतिथि सत्कार | ६१ | १,०० | २,०० |
| | १२–४ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | ६ | १८ | १,०० |
| | १२–५ | मुआब्जा | ३,७३ | ९,०२ | १०,०० |
| | १२–६ | अन्य | ३,९७,०२ | ६,६४,१० | १२,४२,०० |
| | १२–७ | भैपरी आउने | ९,६४,२० | १८,२२,०६ | १७,००,०० |
| | | | १,३६,११,८५ | १,७०,९४,०० | २,२२,८४,४८ |

260

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यय अनुमान
## (विकास बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३७।३८ को यथार्थ | २०३८।३९ को संशोधित अनुमान | २०३९।४० को अनुमान |
|---|---|---|---|---|---|
| २ साधारण प्रशासन | २–७ | प्रशासन सुधार | ६,६८ | ४१,८४ | १,६७,१२ |
| ४ | ४–१ | योजना | ८७,९६ | १,०६,४१ | १,७९,१४ |
| आर्थिक प्रशासन र योजना | ४–२ | तथ्याङ्क | २,११,५५ | ९६,३९ | १,३९,३० |
| ८ | ८–१ | शिक्षा | २८,५६,१४ | ४२,६५,४९ | ६८,९३,९२ |
| सामाजिक | ८–२ | स्वास्थ्य | ९,७७,५७ | १४,५२,८० | २८,५५,१७ |
| सेवाहरू | ८–३ | पिउने पानी | ७,३२,१३ | १५,२०,९३ | २३,६१,८२ |
| | ८–४ | पञ्चायत तथा स्थानीय विकास | ८,९९,७९ | ३५,८६,२५ | ४२,६४,१० |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | २,६०,२७ | ९,३८,७१ | १४,८६,६२ |
| ९ | ९–१ | कृषि | २५,६९,८२ | ५१,४५,७९ | ९५,०६,८४ |
| आर्थिक | ९–२ | सिंचाइ | २८,८१,६६ | ४०,१०,४३ | ६५,८९,५९ |
| सेवाहरू | ९–३ | भूमिसुधार | १,२२,४५ | २,१२,३५ | २,८५,१९ |
| | ९–४ | नापी | ३,०२,२२ | ३,८६,६९ | ५,२५,४९ |
| | ९–५ | वन | ८,९३,३२ | १६,५९,७३ | २६,४२,४० |
| | ९–६ | उद्योग तथा खानी | १२,३१,८२ | २४,३९,५४ | ६२,२८,२५ |
| | ९–७ | सञ्चार | ३,०८,५६ | ७,७७,२१ | ४,२२,४५ |
| | | (क) हुलाक | (३१,५३) | (४९,३७) | (५७,४५) |
| | | (ख) दूर सञ्चार | (२,७७,०३) | (७,२७,८४) | (३,६५,००) |

169

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३७।३८ को यथार्थ | २०३८।३९ को संशोधित अनुमान | २०३९।४० को अनुमान |
|---|---|---|---|---|---|
| | ९–८ | यातायात | ६०,१२,६३ | ६४,८९,२५ | १,१९,०२,८० |
| | | (क) सडकहरू | (४७,२१,९४) | (४५,५२,४१) | (८५,१५,७२) |
| | | (ख) पुलहरू | (५,४८,८४) | (६,१०,३४) | (७,२२,६५) |
| | | (ग) हवाई | (७,४१,८५) | (१३,२६,५०) | (२६,६४,४३) |
| | ९–९ | विद्युत् | ६५,३१,८८ | ६१,४८,४२ | ९४,३६,२६ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | १,५५,६५ | ४,४२,४६ | १५,६३,०९ |
| | | (क) वाणिज्य | (४२,२७) | (२,९२,१२) | (१३,२१,१४) |
| | | (ख) श्रम | (१३,०३) | (१८,८४) | (३५,८८) |
| | | (ग) पर्यटन | (४०,०९) | (६१,२०) | (८८,९४) |
| | | (घ) हावापानी तथा जलविज्ञान | (६०,२६) | (७०,३०) | (१,१७,१३) |
| १२ | १२–६ | अन्य | ६४,०६ | ६,९०,०० | १८,३८,०० |
| विविध | १२–७ | भैपरी आउने | २,०४,६३ | ३,२६,९० | ३,००,०० |
| | | | २,७३,१०,७९ | ४,०७,३७,५९ | ६,९५,८७,५५ |

आज्ञाले,

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।